# *राष्ट्रिय चुरे संरक्षण आयोजना*

# कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८३

## आ.व.२०८३/०८४ का लागि



नेपाल सरकार

**राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति**

खुमलटार, ललितपुर



सदस्य-सचिव

नेपाल सरकार
राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर



## विषय सूची


पृष्ठभूमी............ १

परिच्छेद-१............ २

प्रारम्भिक............ २

१.१. संक्षिप्त नाम र प्रारम्भ ............ २

१.२. परिभाषा ............ २

१.३. कार्यविधिको उद्देश्य ............ ३

१.४. अपेक्षित उपलब्धीहरु ............ ३

परिच्छेद-२............ ४

कार्यक्रम कार्यान्वयनका लागि साझा प्रक्रिया तथा मार्गदर्शन............ ४

२.१. साझा प्रक्रिया तथा मार्ग निर्देशन ............ ४

२.२. उपभोक्ता समिति गठन तथा रकम भुक्तानी प्रक्रिया ............ ७

२.३. कार्यक्रम अनुगमन............ ७

२.४. प्रगति प्रतिवेदन............ ८

परिच्छेद-३ ............ ९

सार्वजनिक निर्माण सम्वन्धी कार्यक्रम कार्यान्वयन ............ ९

३.१. गल्छी, पहिरो/खहरे रोकथाम / नियन्त्रण ............ ९

३.२. नदी/खोला किनारा तटबन्ध / स्थिरिकरण / नियन्त्रण / व्यवस्थापन ( स्पर / डाइक / बायोइञ्जिनियरिङ) ............ १०

३.३. हरित पेटि निर्माण ............ ११

३.४. चुरे तथा भावर क्षेत्रमा संरक्षण तथा भूमिगत जल पुनर्भरण पोखरी निर्माण र सतह मुनिको पानी उपयोग... १२

३.५. भिरालो जग्गामा वहुवर्षीय ( फलफूल ) खेती ............ १३

३.६. ताल तलैया/सिमसार संरक्षण तथा व्यवस्थापन ............ १४

३.७. बाँस/ घाँस/अम्रिसो तथा अन्य विरुवा रोपण तथा व्यवस्थापन ............ १५

३.८. तारबार सहित वृक्षरोपण (नदि उकास जग्गामा समेत)............ १६

३.९. जैविक प्रबिधि मार्फत सडक पाखो संरक्षण ............ १६

३.१०. जैविक वातावरणीय एवम् भू-स्खलनको हिसावले अति संवेदनशील रहेका वन क्षेत्र (Hot Spot) को तारवार सहित पुनरोत्पादन संरक्षण तथा व्यवस्थापन ............ १८

३.११. कृषि वन प्रवर्धन कार्यक्रम (फलफूल खेती विस्तार समेत)............ १९

३.१२. रेन वाटर/रन अफ हार्वेस्टिङ्ग ड्याम ............ १९

३.१३. सिंचाई कुलो निर्माण/मर्मत/संरक्षण............ २०

३.१४. वन विरुवा उत्पादन / खरिद तथा वितरण ............ २१

३.१५. नर्सरीमा विरुवा उत्पादनको लागि नर्सरी नाइकेको ज्याला ............ २२

३.१६ क्षतिग्रस्त भुमि पुनरुत्थान ............ २२




सदस्य-सचिव

नेपाल सरकार
कृषि, वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

३.१७ बिगत वर्षमा संचालित कार्यहरुको संरक्षण तथा मर्मत सम्भार/विगतमा रोपण गरिएको स्थानमा पुनः रोपण/ विगतको वृक्षारोपणको रेखदेख हेरचाह र पुनः रोपण ............ २४
३.१८ जनताको रहर हरीतः शहर कार्यक्रम ............ २४
३.१९ नर्सरी निर्माण, मर्मत/स्तरन्नोती तथा व्यवस्थापन............ २५
३.२० अग्नी नियन्त्रण सम्बन्धी सामाग्री, उपकरण तथा सामान ............ २६
३.२१ प्राकृतिक पुनरुत्पादन प्रवर्धनमा सहयोग कार्यक्रम............ २६
परिच्छेद-४ ............ २७
अध्ययन अनुसन्धान सम्वन्धी कार्यक्रम कार्यान्वयन ............ २७
४.१ कार्यक्रम संचालन प्रक्रिया ............ २७
४.२ विशेषज्ञ नियुक्ती ............ २८
परिच्छेद-५ ............ २९
प्रचार प्रसार सम्वन्धी कार्यक्रम कार्यान्वयन ............ २९
५.१ प्रचार प्रसार सम्वन्धी कार्यक्रम ............ २९
५.२ बार्षिक क्यालेण्डर प्रकाशन तथा वितरण ............ ३०
५.३ कार्यालयले सम्पादन गरेका सफल कार्यहरु सम्बन्धी वृतचित निर्माण............ ३०
५.४. प्रचारप्रसार सामाग्री उत्पादन/खरिद/वितरण............ ३०
५.५ चुरे संरक्षण सम्बन्धित सन्देशमूलक समाग्री प्रकाशन (विभिन्न पत्रपत्रिकामा) ............ ३१
परिच्छेद-६ ............ ३२
तालिम, गोष्ठी, भ्रमण तथा बैठक सम्वन्धी कार्यक्रम ............ ३२
६.१ तालिम, गोष्ठी, भ्रमण तथा बैठक सम्वन्धी कार्यक्रम ............ ३२
६.२ क्लस्टर स्तरीय समन्वय, प्रगति समिक्षा गोष्ठि/प्रदेश स्तरीय समन्वय समितिको बैठक............ ३५
६.३ केन्द्र स्तरीय प्रगति समिक्षा गोष्ठी ............ ३५
६.४ वार्षिक योजना तर्जुमा गोष्ठी ............ ३६
६.५ चुरे क्षेत्रमा पानी संरक्षण तथा भूमिगत जल पुनर्भरण सम्बन्धी अन्तर्क्रिया ............ ३७
६.६ चुरे संरक्षण सम्बन्धी राष्ट्रिय कार्यशाला गोष्ठि ............ ३७
परिच्छेद-७ ............ ३८
अन्य कार्यक्रमहरू ............ ३८
७.१ चुरे दिवस केन्द्र स्तर/इकाई स्तर ............ ३८
७.२ चुरे संरक्षण तथा व्यस्थापनसंग सम्बन्धित सोधपत्रको निम्ति सहयोग ............ ३८
७.३ वार्षिक प्रगति प्रतिवेदन तयारी तथा प्रकाशन ............ ३९
७.४ नीति, नियम, कार्यनीति, मार्गदर्शन, निर्देशिका तयारी तथा प्रकाशन............ ३९
७.५ चुरे संरक्षणसम्बन्धी (IEE, EIA, नदिजन्य पदार्थ उत्खनन् संकलन मापदण्ड आदि) सरोकारवाला बीच अभिमुखीकरण ............ ४०
७.६ वातावरणीय अध्ययनको लागि प्रस्तावित क्षेत्र/आयोजनाको अनुगमन............ ४०



सदस्य-सचिव

परिच्छेद-८ ........ ४२
विविध ........ ४२
अनुसूची १ ........ ४३
कार्यक्रम कार्यान्वयन सम्झौता ........ ४३
अनुसूची – २ ........ ४७
होर्डिंग बोर्डको नमुना ........ ४७
अनुसूची – ३ ........ ४९
उपभोक्ता समिति गठन तथा संचालन सम्बन्धी व्यवस्था ........ ४९
अनुसूची – ४ ........ ५२
सार्वजनिक सुनुवाई फारम ........ ५२
अनुसूची ५ ........ ५५
मासिक प्रगति विवरण फाराम ........ ५५
अनुसूची ६ ........ ५६
पार्श्वचित्र (Activity Profile) ........ ५६



सदस्य-सचिव

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर



## पृष्ठभूमि

चुरे तथा तराई मधेश क्षेत्रको संरक्षण एवम् व्यवस्थापनका लागि राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको गठन २०७१ आषाढ २ मा भएको हो । गठन भएको वर्ष देखिनै यस समितिले कार्यक्रमहरू कार्यान्वयनको लागि विभिन्न साझेदार निकायहरू जस्तै- साविक जिल्ला वन कार्यालय, जिल्ला भू-संरक्षण कार्यालय, जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय, जिल्ला वनस्पति कार्यालय, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण बिभाग, जल उतपन्न प्रकोप नियन्त्रण डिबिजन कार्यालयहरू, नेपाली सेना लगायत मार्फत् कार्यक्रमहरू सञ्चालन गर्दै आएको थियो । आ.व. २०७५/७६ मा ७ वटै प्रदेश समेटिने गरी ९३ स्थानीय तहहरू मार्फत् कार्यक्रमहरू सञ्चालन भएको थियो । सञ्चालनमा आएका कार्यक्रमहरूको समय समयमा गरिने कार्यहरूको नियमित अनुगमन तथा निरीक्षण समिति केन्द्रस्तर, कार्यक्रमको कार्यान्वयनको अख्तियारी पाएका सम्बन्धित विभागहरू र सम्बन्धित साविकका क्षेत्रीय निर्देशनालयहरूबाट हुदै आएका थिए । आ.व. २०७६/७७ देखि समिति मातहत रहने गरी देशका पाँच स्थानहरू (मोरङ, धनुषा, चितवन, रुपन्देही र कैलाली) मा कार्यक्रम कार्यान्वयन इकाईहरू स्थापना भई राष्ट्रपति चुरे संरक्षण कार्यक्रम कार्यन्वयन भईरहेको छ । क्षतिग्रस्त भुमि पुनरुत्थान र तालतलैया संरक्षण तथा व्यवस्थापनका केहि कार्यक्रमहरू नेपाली सेनाको वन तथा पर्यावरण सुरक्षा निर्देशनालय मार्फत समेत कार्यान्वयन भैरहेको छ । कमलो चुरे पहाडको भू-स्खलन तथा क्षयीकरण, जलाधार क्षेत्रको विनाश, वनको परिमाणात्मक तथा गुणात्मक ह्रास, पहाडी भिरपाखाहरूमा अत्याधिक मानवीय गतिविधि आदि कारणहरूले गर्दा चुरे, भावर, तराई-मधेश क्षेत्रका मानिसहरूको बसोवास, खेतीपाती, जनजीविका र समग्र पारिस्थितिकीय प्रणालीमा पर्न गएको नकारात्मक प्रभाव न्यूनीकरण गर्नु नै राष्ट्रिय चुरे संरक्षण आयोजनाको मुल उद्देश्य रहेको छ ।

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४ जेष्ठ ४ को निर्णयबाट चुरे तराई मधेस संरक्षण तथा व्यवस्थापनको लागि तयार भएको २० वर्षे "चुरे तराई मधेस संरक्षण तथा व्यवस्थापन गुरुयोजना, २०७४" स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको छ । गुरुयोजनाले निर्दिष्ट गरेको कार्यक्रमहरू, नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समेटिएका विषयहरुलाई आधार मानी तयार गरिएका सालवसाली कार्यक्रमहरुलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नको लागि राष्ट्रपति चुरे- तराई मधेश संरक्षण विकास समिति गठन आदेश, २०७१ को दफा २० को अधीनमा रही राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिबाट आ.व. २०८३/८४ को समिति र कार्यान्वयन गर्ने निकायहरुको वार्षिक कार्यक्रमहरु सञ्चालनलाई मार्गदर्शनका रुपमा यस **कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८३** तयार गरिएको छ ।



सदस्य-सचिव

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर



## परिच्छेद-१

## प्रारम्भिक

### १.१. संक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम ***"राष्ट्रिय चुरे संरक्षण आयोजना, कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३"*** रहेको छ।

ख) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

### १.२. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) "उपभोक्ता समिति" भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूले कुनै निर्माण कार्यको निर्माण, सञ्चालन, मर्मत सम्भार गर्नको लागि आफुहरू मध्येबाट गठन गरेको समिति सम्झनु पर्दछ । यसले प्रचलित कानून वमोजिम सरकारी निकायमा दर्ता भएका मौजुदा उपभोक्ता समितिहरु समेतलाई जनाउँदछ ।

ख) "उपभोक्ता समूह" भन्नाले कार्यक्रम सञ्चालनको लागि गठन भएका समूह एवम् मौजुदा कृषक समूह, सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन उपभोक्ता समूह, महिला समूह, खानेपानी उपभोक्ता समूह, सिंचाई उपभोक्ता समूह, स्थानीय टोल विकास संस्था जस्ता प्रचलित कानून बमोजिम गठन भई क्रियासिल रहेका समूह समेतलाई बुझाउँछ ।

ग) "कार्यक्रम" भन्नाले राष्ट्रिय चुरे संरक्षण आयोजना सम्झनु पर्दछ ।

घ) "कार्यान्वयन निकाय" भन्नाले समितिको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने सचिवालय, ५ वटा कार्यक्रम कार्यान्वयन इकाईहरू र नेपाली सेना तर्फको वन तथा पर्यावरण सुरक्षा निर्देशनालय समेतलाई सम्झनु पर्दछ।

ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, कृषि  वन तथा पर्यावरण मन्त्रालय सम्झनु पर्दछ ।

च) "सचिवालय" भन्नाले राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको सचिवालय सम्झनु पर्दछ ।



सदस्य-सचिव

कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

छ) "समिति" भन्नाले राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति सम्झनु पर्दछ ।

ज) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका र तिनका वडाहरूलाई समेत जनाउनेछ।

### १.३. कार्यविधिको उद्देश्य

(क) चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना, २०७४ ले अङ्गिकार गरेका लक्ष्य तथा उद्देश्यहरु हासिल गर्न स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने/गराउने ।

(ख) राष्ट्रिय चुरे संरक्षण आयोजना अन्तर्गतका क्रियाकलापहरू सञ्चालनका लागि प्रक्रियागत मार्गनिर्देशन गर्ने ।

(ग) कार्यक्रम कार्यान्वयन निकायहरूबाट सम्पन्न गरिने कार्यक्रमहरू र कार्यक्रम सञ्चालन प्रक्रियामा एकरूपता ल्याउने ।

(घ) कार्यक्रम समयमै सम्पन्न गर्न, कार्यक्रमको गुणस्तर कायम गर्न र कार्यक्रमको दीगोपन कायम गर्न मार्गनिर्देशन गर्ने ।

### १.४. अपेक्षित उपलब्धीहरु

यस कार्यविधि कार्यान्वयन पश्चात आर्थिक वर्षको अन्त्य सम्म निम्नानुसारका उपलब्धीहरु हासिल हुनेछन् ।

क) ७.५ कि. मि. नदी तथा खोला किनारा स्थिरिकरण/ व्यवस्थापनका लागि तटबन्ध भएको हुने।

ख) १२५ स्थानका गल्छी, पहिरो तथा खहरे रोकथाम भएका हुने ।

ग) ५७ वटा ताल तलैया/ सिमसार संरक्षण तथा व्यवस्थापन भएका हुने ।

घ) ११७ स्थानमा भूमिगत जल पुनर्भरणका लागि संरक्षण पोखरी/जलाशय/रन अफ हार्भेस्टिङ्ग ड्यामहरु निर्माण भएका हुने ।

ङ) १५० हजार विभिन्न वनजन्य विरुवाहरु उत्पादन भइ रोपण तथा वितरण भएको हुने ।

च) चुरे तथा तराई क्षेत्रको १२५ हेक्टर जमिनमा वृक्षारोपण भई हरियाली प्रवर्द्धन भएको हुने ।



सदस्य-सचिव

## परिच्छेद-२
## कार्यक्रम कार्यान्वयनका लागि साझा प्रक्रिया तथा मार्गदर्शन

### २.१. साझा प्रक्रिया तथा मार्ग निर्देशन

२.१.१ कार्यक्रम सञ्चालन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७७, वन ऐन, २०७६, वन नियमावली, २०७९, लगायत अन्य प्रचलित कानूनहरूको प्रावधानहरू बमोजिम गर्नुपर्ने छ ।

२.१.२ स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको परिमाण र विनियोजित बजेटको परिधि भित्र रही कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ ।

२.१.३ कामको प्रकृति अनुसार कार्यक्रम सञ्चालनका क्रममा सम्वन्धित संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह तथा जिल्ला स्थित सरोकारवाला निकायहरूसँग आवश्यकता अनुसार समन्वय गर्नुपर्ने छ ।

२.१.४ स्वीकृत वार्षिक कार्यक्रम वा गुरु योजना वा नदी प्रणाली स्तरीय एकिकृत योजनामा तोकिएका विवरणहरू स्थान छनौटका लागि प्रमुख आधार हुनेछन् ।

२.१.५ नदी प्रणालीमा कार्यक्रम सञ्चालन गर्दा नदी प्रणाली एकीकृत श्रोत व्यवस्थापन योजना अनुसार सञ्चालन गर्नुपर्ने छ । योजना तयार नभएका नदी प्रणालीको हकमा चुरे संरक्षण तथा व्यवस्थापन गुरुयोजना, २०७४ को खण्ड २ र संरक्षणको आवश्यकता तथा मागको आधारमा प्राथमिकीकरण गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

२.१.६ क) कार्यक्रम सर्भे, डिजाईन र लागत अनुमान तयार भए पश्चात कामको प्रकृति र स्वीकृत बजेटको परिमाण हेरी आवश्यकता अनुसार सार्बजनिक खरिद ऐन तथा नियमावली वमोजिम आपुर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, सेवाप्रदायक, सम्बन्धित स्थानीय तह/वडा कार्यालयको समन्वयमा लाभग्राही समूहबाट गठन भएको उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम गठन भई सम्वन्धित



सदस्य-सचिव

स्थानमा क्रियाशिल रहेका उपभोक्ता समूह/समितिहरू वा अमानतबाट कार्य सञ्चालन गर्न गराउन सकिनेछ ।

ख) यसरी कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक खरीद ऐन, २०६३ तथा नियमावली, २०६४ मा उल्लेखित व्यवस्थाको पालना गर्नु पर्नेछ । ठेक्का मार्फत कार्यक्रम सञ्चालन गर्दा समान प्रकृति र भौगोलिक हिसाबले नजिकै रहेका योजनाहरुलाई प्रचलित कानुन वमोजिम एकिकृत गरी कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

ग) सम्बन्धित उपभोक्ता समिति मार्फत कार्य सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ वमोजिम गर्नु पर्ने छ । यसरी उपभोक्ता समिति मार्फत कार्य सञ्चालन गर्दा स्थानीय समुदायको समेत अपनत्व बढाउनका लागि न्यूनतम १० प्रतिशत श्रमदान वा लागत सहभागिता हुनुपर्ने छ ।

घ) कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुमा प्राविधिक जनशक्तिको कमि रहेको खण्डमा सम्बन्धित पालिका/वडा कार्यालयका प्राविधिकहरुको सहयोग लिन सकिनेछ ।

२.१.७ कार्यक्रमहरूको लागत अनुमान तयार गर्दा नेपाल सरकारले स्वीकृत गरेको नर्म्स, सम्वन्धित जिल्लाको चालु आ.व. का लागि स्वीकृत दररेट तथा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ समेतको आधारमा गर्नुपर्नेछ ।

२.१.८ भू-संरक्षण वा नदी नियन्त्रण गर्ने कार्यमा नेपाल सरकारबाट प्रमाणित गुणस्तरको हेभिकोटेड जि.आई. तारको मेसिनद्वारा तयार गरिएको तारजाली प्रयोग गर्नु पर्नेछ । उपभोक्ता समितिबाट गरिने काममा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भएमा लागत अनुमान तयार गर्दाको समयमा नै सो कुरा उल्लेख गरी सञ्चालन गर्न सकिनेछ ।

२.१.९ कार्यक्रम सञ्चालन गर्दा गरीव, विपन्न तथा सिमान्तकृत समुदाय (नदी किनारमा बसोबास गर्ने थारु, माझी, वनकरीया, मुसहर, पासवान, राउटे, चेपांग, कुमाल लगायत पिछडिएका जातिहरू) र महिलाको जीवनमा प्रत्यक्ष सकारात्मक प्रभाव पार्न सक्ने तर्फ केन्द्रित हुनु पर्नेछ । वन तथा सार्वजनिक जमिन अतिक्रमणका लागि सहयोग हुने गरी कुनै पनि कार्यक्रम सञ्चालन गरिने छैन।



सदस्य-सचिव

२.१.१० कार्यक्रम प्रारम्भ गर्नु अघि कार्यालयले निर्माण व्यवसायी/सेवा प्रदायक/उपभोक्ता समितिलाई कार्यक्रमको बारेमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी गराउँदा लागत अनुमान तथा डिजाइन सम्बन्धमा अभिमुखीकरण समेत गर्न सकिनेछ । कार्यक्रम शुरु हुनु अगावै निर्माण व्यवसायी/सेवा प्रदायक/उपभोक्ता समितिलाई कायदिश, सम्झौता पत्र आदि कागजात उपलब्ध गराउनु पर्नेछ ।

२.१.११ उपभोक्ता समितिले सम्झौता (अनुसुची १ अनुसार) गरे बमोजिमको योजना आफैले सम्पन्न गर्नुपर्नेछ । योजनाको स्याहार, सम्भार र मर्मत गर्ने दायित्व सम्बन्धित उपभोक्ता समितिको नै हुनेछ ।

२.१.१२ कार्यक्रम शुरु गर्नु भन्दा पहिले कार्यक्रम सञ्चालन स्थलमा लागत अनुमान लगायत आयोजनासँग सम्बन्धित अन्य अत्यावश्यक र महत्वपूर्ण जानकारी तथा विवरणहरू खुल्ने गरी अनुसुची २ अनुसारको होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ । होर्डिङ्ग बोर्डको साइज कम्तिमा ३X४ फिटको हुनु पर्ने छ ।

२.१.१३ कार्यक्रम कार्यान्वयन गर्दा गराउँदा कामको परिमाण र गुणस्तरमा कुनै कमी कमजोरी वा लापरवाही नहुने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

२.१.१४ वृक्षारोपणसम्बन्धी जुनसुकै क्रियाकलाप भए पनि तत्कालिन वन तथा भूसंरक्षण मन्त्रालयको नर्म्स २०७० वमोजिमका खाडल खन्ने तथा विरुवा बीचको दुरी कायम हुने गरी गर्नु पर्ने छ । वृक्षारोपणका लागि वहुवर्षीय विरुवालाई प्राथमिकता दिनु पर्नेछ । रोपण गर्ने भनी तोकिएको कार्यक्रमहरुमा विरुवा वितरण मात्र गर्ने जस्ता कार्यहरु गरिने छैन । रोपण गरिएका विरुवाहरुको स्याहार संभार तथा संरक्षणका लागि आगामी वर्षहरुमा समेत कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुले अनिवार्य रुपमा बजेट प्रस्ताव गरी संरक्षणको प्रबन्ध गर्नु पर्ने छ ।

२.१.१५ कार्यक्रम सम्पन्न भई रकम भुक्तानी भए पश्चात उक्त योजना सम्बन्धित उपभोक्ता समिति/स्थानीय निकाय/सरोकारवालालाई हस्तान्तरण गर्नु पर्नेछ।



सदस्य-सचिव

२.१.१६ कार्यक्रम कार्यान्वयन हुने स्थानको शुरु, कार्यान्वयन भैरहेको अवस्था र सम्पन्न पश्चात गरी कम्तिमा तीन पटकका फोटोहरु सम्भव भए सम्म एकै स्थानबाट अनिवार्य लिनु पर्नेछ र ती फोटाहरु वार्षिक प्रगति प्रतिवेदन (Annual Report) तथा पार्श्वचित्र (Activity Profile) मा राख्नु पर्नेछ ।

## २.२. उपभोक्ता समिति गठन तथा रकम भुक्तानी प्रक्रिया

(क) सम्बन्धित स्थानीय तह / वडा कार्यालयले स्थानीय लाभग्राही समूहबाट उपभोक्ता समिति गठन गर्दा सम्भव भएसम्म समितिको कर्मचारी (Site In-charge), वडा अध्यक्ष, वडा सदस्य (प्रतिनिधि), स्थानीय संघ सस्थाका प्रतिनिधि तथा लाभग्राही जनताको सहभागितामा गराउनु पर्नेछ । उपभोक्ता समिति गठन र त्यसको जिम्मेवारी अनुसूची ३ बमोजिम हुनेछ । योजनाको प्रकृति र आवश्यकता अनुरूप उपभोक्ता समिति मातहत अन्य उपसमितिहरु पनि गठन गर्न सकिनेछ ।

(ख) कार्य सम्पन्न भए पश्चात् अनुसूची ४ को ढाँचामा सार्वजनिक सुनुवाइको प्रतिवेदन, उपभोक्ता समितिको निर्णयको प्रतिलिपि, बिल, भरपाई, कार्य सम्पन्न प्रतिवेदन, सम्भव भएसम्म सम्बन्धित वडा कार्यालयको कार्य सम्पन्न सिफारिस र अन्य सम्बन्धित कागजात समेत समावेश गरी कार्यालयमा रकम भुक्तानीको लागि निवेदन पेश गर्नुपर्नेछ ।

(ग) उपभोक्ता समितिको माग भएमा सम्पन्न भएको कामको नापी कितावको आधारमा रनिङ्ग बिल अनुसारको रकम भुक्तानी गर्न सकिनेछ ।

(घ) निवेदन प्राप्त भए पश्चात् तोकिएको प्राविधिकले स्थलगत निरीक्षण गरी प्राविधिक प्रतिबेदन सहित उपभोक्ता समितिले भुक्तानीको लागि पेश गरेका बिल भर्पाई लगायतका कागजातहरु जाँच गरी पेश गर्नु पर्नेछ । स्थलगत निरीक्षण कार्य सम्बन्धित उपभोक्ता समिति लगायत अन्य सरोकारवालाको उपस्थितिमा गर्नुपर्नेछ ।

## २.३. कार्यक्रम अनुगमन

कार्यक्रमहरुको अनुगमन गर्दा तपसिलका बुँदामा ध्यान दिदै यस समितिको अनुगमन तथा मुल्यांकन निर्देशिका २०७८ बमोजिम गरिनेछ ।



सदस्य-सचिव

(क) सञ्चालित र सम्पन्न भएका कार्यक्रमहरुको सम्वन्धित स्थानीय तहका प्रतिनिधिहरु लगायत अन्य सरोकारवालाहरु समेतको उपस्थितिमा अनुगमन गर्न सकिनेछ ।

(ख) इकाई प्रमुख, प्राविधिक तथा आवश्यकता अनुसारका कर्मचारीहरुको संयुक्त अनुगमन टोली समेत बनाई कार्यक्रम अनुगमन गर्न सकिनेछ ।

(ग) उपभोक्ता समितिले अनुगमन उपसमिति समेत गठन गर्न सक्नेछ । यस उपसमितिले आन्तरिक रूपमा अनुगमन गरी तोकिएको समयमा तोकिएको गुणस्तरको काम सम्पन्न गर्न सहयोग पुर्याउनेछ।

**२.४. प्रगति प्रतिवेदन**

(क) कार्यक्रम कार्यान्वयन निकायले कार्यक्रमको मासिक प्रगति अनुसूची ५ र त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदनहरू राष्ट्रिय योजना आयोगको निर्दिष्ट ढाँचा वमोजिम तोकिएको समय भित्र समितिमा पठाउनु पर्नेछ ।

(ख) कार्यान्वयन निकायहरूबाट पेश भएका प्रगतिहरू संकलन (compile) गरी समिति, कृषि, वन तथा पर्यावरण मन्त्रालय एवम् अन्य सम्बन्धित तालुक निकायमा मासिक, त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदन पठाउनु पर्नेछ ।

(ग) कार्यक्रम कार्यान्वयन निकायले सम्पादन गरेका हरेक कार्यक्रम तथा क्रियाकलापहरूको अनुसूचि ६ अनुसारको पार्श्वचित्र (Activity Profile) बनाइ सो को सफ्टकपी समेत समितिको सचिवालयमा पेश गर्नु पर्नेछ ।

(घ) समितिको सचिवालयले सबै कार्यक्रम कार्यान्वयन निकायबाट वार्षिक प्रगति प्राप्त भए पछि प्रगतिहरूको संकलन (Compile) गरी बार्षिक प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन गर्नु पर्नेछ ।



सदस्य-सचिव

## परिच्छेद-३

## सार्वजनिक निर्माण सम्वन्धी कार्यक्रम कार्यान्वयन

### ३.१. गल्छी, पहिरो तथा खहरे रोकथाम/नियन्त्रण

चुरे क्षेत्रमा सतही, रिल (धर्से), गल्छी तथा खहरे जस्ता भू-क्षयको अत्यधिक समस्या र साना, ठुला आकारका पहिरोको समस्या रहेको पाईन्छ । यस कार्यक्रम अन्तर्गत उपचारात्मक रूपमा प्याकेज छनौट गर्दा सरल, दीगो, कार्यान्वयन तथा मर्मत सम्भार गर्न सक्ने प्रकृतिका विधिहरू छनौट गरिनेछ । संरचना डिजाईन गर्दा Nature Based Solutions प्रविधिलाई प्राथमिकता दिइनेछ । यस कार्यक्रम अन्तर्गत निम्न उपचार बिधि प्रयोग गर्न सकिन्छ ।

(क) वानस्पतिक संरचना तथा जैविक-ईन्जिनियरिङ्ग

(ख) सुरक्षित पानी निकास

(ग) कम खर्चिलो भू-संरक्षण प्रविधि

(घ) ईन्जिनियरिङ्ग संरचना

(ङ) घाँस रोपण, बाँस रोपण, वृक्षारोपण, कलमी रोपण आदि ।

#### ३.१.१. कार्यक्रम सञ्चालन प्रक्रियाः

(क) नदीप्रणाली एकीकृत स्रोत व्यवस्थापन योजना तथा गुरुयोजनाले तोकेका स्थानहरू पहिचान गरी कार्यक्रमको सम्भाव्यता अध्ययन गरी कार्यक्रमको औचित्यता र संरचनागत आवश्यकता एकिन गरिने छ ।

(ख) छनौट गरिएका नदी प्रणालीमा नदी प्रणाली व्यवस्थापन योजनाले तोकेका, समितिले समय समयमा अध्ययन गरी तयार भएका प्रतिवेदनले सुझाएका तथा प्राविधिक रूपमा आवश्यक देखिएका स्थानमा आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

#### ३.१.२. ध्यान दिनुपर्ने विषयहरूः

(क) सतही, रिल (धर्से), गल्छी तथा खहरे जस्ता भू-क्षय नियन्त्रण गर्ने र पहिरो नियन्त्रणका कार्यक्रम सञ्चालन गर्दा वानस्पतिक उपचार/वायो-इन्जिनियरिङ्ग प्रविधिलाई प्राथमिकता दिई डिजाईन गर्नु पर्नेछ ।



सदस्य-सचिव

(ख) कार्यक्रमहरू सञ्चालन गर्दा क्रमशः उपल्लो तटीय क्षेत्रबाट तल्लो तटीय क्षेत्रमा सञ्चालन गर्दै जानु पर्नेछ ।

## ३.२. नदी/खोला किनारा तटबन्ध/स्थिरिकरण/नियन्त्रण/व्यवस्थापन (स्पर/डाइक/बायोइञ्जिनियरिङ)

चुरे क्षेत्रबाट निस्केका तथा यस क्षेत्र भई बग्ने नदीहरूबाट वर्षेनी नदी किनारा कटान, क्षयीकरण जस्ता समस्याहरू हुने गर्दछ । नदी/खोला किनारा स्थिरिकरण/नियन्त्रण सम्बन्धी कार्य सञ्चालन गर्दा छनौट गरिएका नदी प्रणालीमा नदी प्रणाली एकीकृत श्रोत व्यवस्थापन योजना एवम् गुरुयोजनाले तोकेको स्थानमा सोही योजनाले तोकेका प्रकृतिको कार्यक्रमहरू सञ्चालन गरिनेछ । नदी किनारा स्थिरिकरणका लागि नदी किनारमा संरचनाको निर्माण गर्दा नदी बहावको लागि प्राविधिक रूपले आवश्यक पर्ने नदीको बहाव क्षेत्र नघट्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

### ३.२.१. कार्यक्रम सञ्चालन प्रक्रिया:

(क) यो कार्य सञ्चालन गर्दा बायो- इन्जिनियरिङ्ग प्रविधिको साथै अन्य इन्जिनियरिङ्ग संरचनाहरू जस्तै तट्बन्ध, स्पर र चेकड्याम आदि निर्माण गर्न सकिने छ ।

(ख) नदी / खोलाको बहाव क्षेत्रको लागि आवश्यक ठाउँ छोडेर नदी र खोलाको अर्को किनारामा कटान नबढ्ने गरी निर्माण गर्नु पर्नेछ र तटबन्धको संरचना निर्माण गर्दा प्राविधिक रूपमा आवश्यक पर्ने लञ्चिङ्ग एप्रोन, स्टड र स्परहरूको व्यवस्था गर्नु पर्नेछ ।

(ग) निर्मित संरचनाको दिगो संरक्षण गर्नको लागि सम्भव भएसम्म नदीको दुवै किनारमा हरित पेटिका निर्माण गर्नु पर्नेछ ।

(घ) यो कार्यक्रम सञ्चालनका लागि स्थलगत अवलोकन पश्चात गर्न सकिने क्रियाकलापहरूको छनौट गरी प्राविधिकको सहयोगमा लागत ईस्टिमेट तयार गरी क्रियाकलाप सञ्चालन गरिनेछ।

### ३.२.२. ध्यान दिनुपर्ने विषयहरू:

यो कार्यक्रम सञ्चालन गर्दा निम्न विषयहरूमा विशेष ध्यान दिनु पर्दछ

(क) नदी तथा खोलाको बहाव तथा गेग्रान थुप्रान क्षेत्र र वगर नमिचिने गरी संरचना निर्माण गर्नु पर्नेछ ।



सदस्य-सचिव

(ख) नदी / खोलाको कुनै एक किनारा संरक्षणको लागि निर्माण गरिएको संरचनाको कारण अर्को किनारा तर्फ क्षति नहुने गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । सम्भव भएसम्म दुबै किनारा संरक्षण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) नदीको गहिराई बढ्दा दायाँबायाँ निर्मित संरचनाहरू भत्किने हुँदा नदीखोलाको गहिराई नियन्त्रणमा समेत ध्यान दिई आवश्यकता अनुसार चेक ड्याम लगायतका संरचनाहरुको समेत डिजाईन गर्नु पर्नेछ ।

(घ) संरक्षण कार्यपश्चात् प्राप्तहुने नदी उकास जग्गाहरूको विवरण तयार गरी सम्भावित उपयोग योजना समेत तयार गर्नुपर्दछ ।

## ३.३. हरित पेटिका निर्माण

नदि तथा खोला किनारमा निर्मित संरचनाहरूलाई आधार मानी वृक्षारोपण गर्दा वायो-ईन्जिनियरिंग कार्यको समायोजन भई संरचनाको आयु बढाई दिगोपनामा वृद्धि हुनाका साथै नदी उकास जग्गाको उत्पादकत्व तथा उपयोगिता समेत वृद्धि हुनेछ ।

### ३.३.१. कार्यक्रम सञ्चालन प्रक्रियाः

(क) तटबन्धको बाहिरी क्षेत्रलाई हरित पेटीको रूपमा विकास गर्न सकिने छ ।

(ख) कतिपय अवस्थामा तटबन्धको भित्री भागमा वा दुई स्परहरूको बीचको भू-भागमा पानीको बहावको गति कम गर्न सक्ने कांस, बाँस, खयर, बबुल र अन्य उपयुक्त प्रजातिको वृक्षरोपण गर्न सकिनेछ ।

(ग) कतिपय नदी तथा खोला किनारमा तटबन्ध निर्माण नगरी पनि नदी कटान नियन्त्रण गर्न नदी / खोला को दुवै किनारा तर्फ हरित पेटी निर्माण गर्न सकिनेछ ।

(घ) उपभोक्ता समिति गठन तथा छनौट पश्चात समितिका प्राविधिकको सहयोगमा हरित पेटिका निर्माण गर्ने क्षेत्रको सर्वेक्षण तथा नक्सांकन कार्य गरी लागत अनुमान तयार गरिनेछ ।

(ङ) गठित उपभोक्ता समितिले लागत अनुमान बमोजिम हरित पेटिका निर्माण गर्नेछ । यस शिर्षकको रकम हरित पेटिका क्षेत्रको तारबार गर्न, वृक्षरोपण गर्न र संरक्षणको निमित्त खर्च गर्न सकिने छ ।



सदस्य-सचिव

नेपाल सरकार
राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर



**३.३.२. ध्यान दिनुपर्ने विषयः**

(क) नीजि जग्गाको हकमा सम्वन्धित जग्गा धनी समेतलाई जिम्मेवार बनाई कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(ख) रोपिएका विरुवाहरूको स्याहार संभार तथा संरक्षण गर्नु अनिवार्य शर्त हुनेछ र उक्त स्थान संरक्षणका लागि आगामी वर्षमा समेत कार्यान्वयन निकायले बजेट सुनिश्चित हुने गरी योजना तर्जूमा गर्नु पर्नेछ ।

**३.४. चुरे तथा भावर क्षेत्रमा संरक्षण तथा भूमिगत जल पुनर्भरण पोखरी निर्माण र सतह मुनिको पानी उपयोग**

**क) भूमिगत जल पुनर्भरण पोखरी/जलाशय**

चुरे तथा भावर क्षेत्र प्राकृतिक रूपमा नै पानीको पुनर्भरण क्षेत्र हो । तसर्थ वर्षातको पानी जमिनभित्र बढी भन्दा बढी पुनर्भरण गराई भुमिगत जलको मात्रा अभिवृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । जलपुनर्भरण पोखरी निर्माण अन्तर्गत चुरे भावर क्षेत्रमा संरक्षण पोखरी, जल पुनर्भरण पोखरी, रनअफ हारभेष्टिङ्ग ड्याम, वर्षातको पानी संकलन पोखरी लगायतका संरचनाहरु निर्माण गर्न सकिने छ ।

**ख) सतह मुनिको पानी उपयोग (Sub-surface water harvesting)**

चुरे तथा भावर क्षेत्र प्राकृतिक रूपमा नै पानीको पुनर्भरण क्षेत्र भएता पनि भावर क्षेत्रको सतहमा पानी नदेखिने तर जमिनभित्र पानीको वहाव रहने भएकोले यस्ता पानीको सतह उकास गरी भुमिगत जल उपभोगमा वृद्धि गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ । यसका लागि जल सतह उकास गर्न जमिनभित्र बाँध आदि जस्ता उपयुक्त संरचनाहरू निर्माण गर्न सकिनेछ । यसरी उपलब्ध हुने सतह मुनिको पानी विशेष गरेर सिंचाई तथा पिउने पानीका रुपमा प्रयोग गर्न सकिनेछ ।

**३.४.१. कार्यक्रम सञ्चालन प्रक्रियाः**

(क) यो क्रियाकलाप सञ्चालनका लागि स्थान छनौट पश्चात लागत ईस्टिमेट तयार गरी कार्य सञ्चालन गरिने छ ।



सदस्य-सचिव

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
नेपाल सरकार
खुमलटार, ललितपुर



(ख) यो कार्यक्रम सञ्चालन गर्दा समितिबाट गरिएको Aquifer Mapping and Sensitivity Analysis in Watershed System of Chure Region सम्वन्धमा भएको अध्ययनले सिफारिस गरेका स्थलहरूलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(ग) स्थान छनौट गर्दा स्थानीय वासिन्दाहरूसँग छलफल गरी जानकार व्यक्तिहरूको संलग्नतामा स्थान छनौट गर्नुपर्नेछ ।

**३.४.२. ध्यान दिनुपर्ने विषयः**

(क) पोखरी निर्माण गर्दा प्राकृतिक सुन्दरतालाई नबिगारीकन कम भन्दा कम सिमेन्ट र कन्क्रिटको प्रयोग गर्नु पर्नेछ ।

(ख) पोखरीहरूको उपयोगको विषयसमेत हुने भएकोले स्थानीय तहको सहकार्यमा कार्य सञ्चालन गर्दा प्रभावकारी हुनेछ । स्थानीय कृषि कार्यलाई समेत सहयोग पुग्ने गरी संरचनाहरु तयार गर्न सकिने छ ।

(ग) वन क्षेत्रमा निर्माण हुने जल पुनर्भरण पोखरीहरु निर्माण गर्दा बन्यजन्तुलाई समेत सहज हुनेगरी संरचना निर्माण गर्नुपर्नेछ ।

**३.५. भिरालो जग्गामा बहुवर्षीय (फलफूल) खेती**

चुरे क्षेत्रको भू-बनौटको अवस्था हेर्दा कम खनजोत भए पुग्ने खालको बाली उपयुक्त हुने देखिन्छ । चुरेका भिराला भू-भागहरूमा रहेका (सरकारी, सार्वजनिक तथा नीजि) जग्गामा बहुवर्षीय (फलफुल) खेती गरी भू-क्षय नियन्त्रणको साथसाथै रोजगारी र उत्पादनमा वृद्धि गरी सिमान्तकृत कृषकहरूको जीविकोपार्जनमा सहयोग पुर्याउने, भिरालो पाखा हरियाली र वातावरणीय संरक्षणमा सहयोग पुग्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो ।

**३.५.१. कार्यक्रम सञ्चालन प्रक्रियाः**

(क) यो कार्यक्रम सञ्चालन गर्न सम्वन्धित सरोकारवालाहरूसँगको समन्वयमा संभाव्य क्षेत्र पहिचान गरी रोपणका लागि उपयुक्त जात तथा प्रजातिहरू निश्चित गर्नु पर्नेछ ।

(ख) यस किसिमको क्षेत्र पहिचान गर्दा सार्वजनिक जग्गा वा सामुदायिक वन क्षेत्र, क्षतिग्रस्त भूमि वा नदी उकास जग्गालाई प्राथमिकता दिइनेछ ।



कृषि, वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सदस्य-सचिव

(ग) सार्वजनिक जग्गाहरूको हकमा रोपिएका विरुवा संरक्षणको लागि घेरावारको समेत व्यवस्था गर्न सकिनेछ ।

### ३.५.२. ध्यान दिनुपर्ने विषयः

क) सार्वजनिक जग्गाहरूमा रोपण गरिएका बोटविरुवाहरूबाट हुनसक्ने आम्दानीको व्यवस्थापनको लागि स्थानीय सरकार, सामुदायिक वन तथा अन्य उपलब्ध संस्थाहरूलाई समेत साझेदार बनाउन सकिनेछ ।

ख) भिरालो जमिनमा Sloping Agricultural Land Technology (SALT) प्रविधिको प्रयोग गर्न सकिनेछ ।

ग) रोपिएका विरुवाहरूको स्याहार संभार तथा संरक्षण गर्नु अनिवार्य शर्त हुनेछ र उक्त स्थान संरक्षणका लागि आगामी वर्षमा समेत कार्यान्वयन निकायले बजेट सुनिश्चित हुने गरी योजना तर्जूमा गर्नु पर्नेछ ।

## ३.६. ताल तलैया/सिमसार संरक्षण तथा व्यवस्थापन

चुरे भावर तथा तराई क्षेत्र अन्तर्गत रहेका विभिन्न ताल तलैयाको संरक्षण कार्य सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो । ताल तलैया, संरक्षण पोखरी, रिचार्ज पोखरी जस्ता सिमसारहरू सतही पानीको स्रोत मात्र नभई भूमिगत जल पुनर्भरण (Groundwater recharge) का निर्विकल्प माध्यम समेत हुन् । सिमसारलाई प्रकृतिको मृगौला समेत भनेर बुझ्ने गरेको पाइन्छ । जैविक विविधता, सांस्कृतिक महत्व र पर्यटकीय सम्भावना समेत भएका चुरे तराई मधेस क्षेत्रमा रहेका सिमसारहरूको नक्शांकन प्राथमिकताको आधारमा क्रमशः संरचना निर्माण, मर्मतसंभार, संरक्षण र व्यबस्थापन गरिनेछ । सिमसार नीति २०६९ का प्रावधानहरुलाई संरक्षण, सदुपयोग र लाभ बाँडफाँडको आधार बनाई कार्य सञ्चालन गर्नु पर्नेछ ।

### ३.६.१. कार्यक्रम सञ्चालन प्रक्रियाः

(क) यस अन्तर्गत ताल तलैया संरक्षण, संरक्षण पोखरी निर्माण, रिचार्ज पोखरी निर्माण तथा पुराना ताल तलैयाहरूको मर्मतसंभार गरी सौन्दर्यीकरण समेत गर्न सकिनेछ ।



सदस्य-सचिव

नेपाल सरकार
राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर

(ख) स्थलगत अवलोकन गरि सञ्चालन गर्न सकिने क्रियाकलापहरूको एकिन तथा स्थान छनौट गर्नु पर्नेछ।

(ग) सौन्दर्यीकरण गर्दा प्राकृतिक तथा सांस्कृतिक सुन्दरता नबिगारिकन गर्नुपर्नेछ र सिमेन्ट-कन्क्रिटको प्रयोगलाई निरुत्साहित गर्नु पर्नेछ ।

(घ) स्थानीय स्रोत साधन र सीपको प्रयोगमा वृद्धि गरी स्थानीय स्तरमा रोजगारी बढाउने गरी गर्नु पर्नेछ ।

(ङ) स्वीकृत लागत अनुमान अनुसार स्थानीय उपभोक्ता तथा स्थानीय तहसङ्ग आवश्यकता अनुसार समन्वय गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

**३.७. बाँस/घाँस/अम्रिसो तथा अन्य विरुवा रोपण तथा व्यवस्थापन**

चुरे भावर तथा तराई क्षेत्रमा रहेका भू-क्षय, भू-स्खलन, वन बिनास, विकास निर्माण लगायतबाट क्षतिग्रस्त भूमि तथा नदी उकास क्षेत्रहरूमा बाँस, घाँस, अम्रिसो लगायतका विरुवाहरू रोपण गरी क्षतिग्रस्त जमिनको पुनर्स्थापना तथा नदी कटान नियन्त्रण र हरियाली कायम गर्न यो कार्यक्रम राखिएको हो ।

**३.७.१. कार्यक्रम सञ्चालन प्रक्रिया:**

(क) यो कार्यक्रम सञ्चालन गर्न प्राविधिकहरूद्वारा उपयुक्त स्थान छनौट तथा सर्वेक्षण कार्य गरी लागत अनुमान तयार गरिनेछ ।

(ख) वृक्षारोपण गर्दा कृषि, वन तथा पर्यावरण मन्त्रालयको नर्म्स-२०७० वमोजिमका खाडलको साइज र दुरी तय गर्नु पर्नेछ ।

**३.७.२. ध्यान दिनुपर्ने विषय:**

(क) यो कार्यक्रम सञ्चालन गर्दा उपल्लो तट स्थित भू-क्षय र पहिरो (भू-स्खलन) ग्रस्त स्थलहरुलाई प्राथमिकता दिनुपर्नेछ ।

(ख) रोपिएका विरुवाहरूको स्याहार संभार तथा संरक्षण गर्नु अनिवार्य शर्त हुनेछ र उक्त स्थान संरक्षणका लागि आगामी वर्षमा समेत कार्यान्वयन निकायले बजेट सुनिश्चित हुने गरी योजना तर्जूमा गर्नु पर्नेछ ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं



सदस्य-सचिव

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
नेपाल सरकार
खुमलटार, ललितपुर



## ३.८. तारबार सहित वृक्षारोपण (नदि उकास जग्गामा समेत)

चुरे-तराई क्षेत्रमा चरिचरनको ठुलो समस्या हुने भएकोले यस्ता स्थानहरूमा भए गरेका वृक्षारोपण कार्यको लगानी अनुरूप प्रतिफल नआउने / नदेखिने भएकोले त्यस्ता क्षेत्रहरूमा भू-क्षय न्यूनिकरणमा टेवा पुग्ने, नदी उकास तथा खेर गएका जग्गा वा क्षतिग्रस्त जग्गाहरूमा तारवार सहितको वृक्षारोपणबाट हरियाली कायम गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो ।

### ३.८.१. कार्यक्रम सञ्चालन प्रक्रिया:

(क) यो कार्यक्रम सञ्चालन गर्न प्राविधिकहरूद्वारा उपयुक्त स्थान छनौट तथा सर्वेक्षण कार्य गरि लागत अनुमान तयार गरिनेछ ।

(ख) लागत अनुमान वमोजिम वृक्षरोपणका लागि चाहिने विरुवा कार्यान्वयन निकायको नर्सरीबाटै उपलब्ध गराईने छ । विरुवा उपलव्ध हुन नसकेको अवस्थामा आवश्यक विरुवा खरिद तथा ढुवानीको कार्य कार्यान्वयन निकायबाट पनि गर्न सकिनेछ ।

### ३.८.२. ध्यान दिनुपर्ने विषय:

(क) रोपण गरिएका विरुवाको रेखदेख तथा स्याहार संभार गरी हुर्काउने व्यवस्था गर्नु पर्नेछ र अर्को वर्ष रेखदेख र पुनर्रोपणका लागि अनिवार्य रुपमा बजेट प्रस्ताव गरी संरक्षणको प्रबन्ध गर्नु पर्नेछ ।

(ख) चुरे तथा भावर क्षेत्रमा वृक्षारोपण गर्दा स्थानीय बहु-उपयोगी विरुवाहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

## ३.९. जैविक प्रबिधि मार्फत सडक पाखो संरक्षण

चुरे क्षेत्र अन्तर्गत सञ्चालन हुने विकासका पूर्वाधार निर्माण कार्य अन्तर्गत सडक निर्माण कार्य प्रमुख हो । सडकहरू निर्माण गर्दा संरक्षणका संरचना विना नै निर्माण गरिने हुँदा यसबाट भू-क्षयको मात्रामा वृद्धि हुने सम्भावना अत्याधिक हुन्छ । यसले गर्दा गाउँवस्ती तथा खेतियोग्य जमिनमा क्षति पुग्नाको साथै निर्मित सडकमा समेत अत्याधिक क्षति पुग्न जाने गर्दछ । तसर्थ यस्ता अव्यवस्थित सडकका तल माथिका पाखाहरूमा वृक्षरोपण गरेर वा अन्य ससाना जैविक संरचनाहरू निर्माण गरेर संरक्षण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । विभिन्न प्रजातिका सौन्दर्य



नेपाल सरकार
कृषि, वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं
सदस्य-सचिव

प्रदायक वोटविरुवाहरू रोपण तथा खाली रहेका सरकारी, तथा नीजि जग्गामा फलफुल खेती विस्तार गरी भू-क्षय नियन्त्रणको साथसाथै रोजगारी र उत्पादनमा वृद्धि गरी स्थानीयको जीविकोपार्जनमा सहयोग पुर्याउने उद्देश्यले यो कार्यक्रम राखिएको हो ।

**३.९.१. सञ्चालन गर्न सकिने क्रियकलापहरूः**

यस कार्यक्रम अन्तर्गत निम्नानुसारका क्रियाकलापहरू गर्न सकिनेछ ।

(क) यसमा अम्रिसो, भुजेत्रो, खसखस, खर, कास, बावियो, बाँस जस्ता घाँसहरु साथै सिसौ, खयर जस्ता बहुउपयोगी वन प्रजाति रोपण गरिनेछ । कपुर, धुपी, विभिन्न प्रकारमा फूलहरू रोपण गरी सडक सौन्दर्य समेत अभिवृद्धि गर्न सकिनेछ । स्थानीय क्षेत्रको वातावरणमा हुर्कन सक्ने फलफूलका विरुवा खेती पनि गर्न सकिने छ ।

(ख) पानीको वहावबाट सुरक्षित गर्न भिरालो सडकपाखामा समोच्चरेखा, फिसवोन आदि पद्धतिमा घाँस रोपण जस्ता कमखर्चिलो भू-संरक्षण प्रविधि अपनाउन सकिनेछ ।

(ग) सडकमा जथाभावी बग्ने पानीको सुरक्षित निकासको लागि नालीको व्यवस्था गर्ने, रिपर्याप, स्टोन पिचिंग गर्ने र सडकपाखाका खोल्सीहरूको संरक्षणको लागि चेकड्याम, रिटेनिंगवाल, ब्रेस्टवाल जस्ता संरचनाहरू सडक निर्माण गर्ने निकायबाट गर्ने गरी अन्य जैविक संरचनाहरु पनि निर्माण गर्न सकिनेछ ।

**३.९.२. कार्यक्रम सञ्चालन प्रक्रिया:**

(क) स्थलगत निरिक्षण गरी उपयुक्त क्रियाकलापको छनौट गर्ने ।

(ख) वृक्षरोपणको लागि उपयुक्त प्रजाति तथा संरक्षणको लागि उपयुक्त संरचना छनौट गर्ने ।

(ग) वृक्षरोपण गर्दा संरक्षणको लागि आवश्यक परेमा तारवार समेत गर्न सकिनेछ ।

**३.९.३. ध्यान दिनुपर्ने विषयहरूः**

(क) वृक्षरोपणका लागि हलुका, मध्यम उचाई तथा सदावहार प्रजातिका विरुवाहरू छनौट गर्ने ।

(ख) यातायात आवागमनमा सहजताका लागि मध्यम साईजका रुखविरुवाहरू रोपण गर्नुपर्नेछ।

(ग) वृक्षरोपणको लागि विरुवा छनौट गर्दा हुरीबतासबाट सडकमा दुर्घटना हुने किसिमका विरुवा वृक्षरोपण गर्न पाइने छैन ।



सदस्य-सचिव

नेपाल सरकार
राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर



**३.१०. जैविक वातावरणीय एवम् भू-स्खलनको हिसावले अति संवेदनशील रहेका वन क्षेत्र (Hot Spot) को तारवार सहित पुनरोत्पादन संरक्षण तथा व्यवस्थापन**

चुरे क्षेत्रमा रहेका वन क्षेत्र अन्तर्गत जैविक वातावरणीय एवम् भू-स्खलनको हिसावले अति सम्वेदनशील वन क्षेत्रहरूमा तारवार गरी संरक्षण गर्ने र पुनरोत्पादन क्षमता बढाई वन क्षेत्रको हैसियत वृद्धि तथा विकास गर्न यो कार्यक्रम राखिएको हो।

**३.१०.१. क्षेत्र छनोटका आधारहरू:**

यो कार्यक्रम सञ्चालन गर्न क्षेत्र छनौट गर्दा निम्न आधार लिनु पर्नेछ:-

(क) बाढी, पहिरो र भू-स्खलन रोकथामको लागि संरक्षण गर्नुपर्ने वन क्षेत्र।

(ख) अतिक्रमित वा अतिक्रमणको चपेटामा पर्न सक्ने वन क्षेत्र ।

(ग) कम हैसियतको वनमा पुनरुत्पादन तथा चरिचरनबाट संरक्षण गर्नुपर्ने वनक्षेत्र ।

(घ) नदी किनारको नदी उकास क्षेत्र पनि हट-स्पट क्षेत्रहरू हुन सक्नेछ ।

(ङ) जैविक विविधताका दृष्टिकोणले महत्वपूर्ण क्षेत्र ।

**३.१०.२. कार्यक्रम सञ्चालन प्रक्रिया:**

(क) छनौट गरिएका क्षेत्रको सर्वेक्षण गरि लागत अनुमान तयार गर्ने।

(ख) लागत अनुमान बमोजिम कार्यक्रम सञ्चालन हुने सामुदायिक वन / साझेदारी वनको क्षेत्र भएमा सम्बन्धित उपभोक्ता समितिसँग सम्झौता गरी वा उपभोक्ता समिति गठन गरि सम्झौता पश्चात कार्य सञ्चालन गरिनेछ ।

(ग) पुनरुत्पादन संरक्षण कार्यको लागि तारवार गरी वृक्षारोपण समेत गर्न सकिनेछ।

(घ) चरीचरन, वन डढेलोबाट वृक्षारोपण गरिएका विरुवाहरू वा पुनरोत्पादन संरक्षण गर्न हेरालु राख्न सकिनेछ ।



नेपाल सरकार
कृषि, वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं
सदस्य-सचिव

## ३.११. कृषि वन प्रवर्धन कार्यक्रम (फलफूल खेती विस्तार समेत)

चुरे क्षेत्रमा कृषि वन प्रणाली विकास तथा विस्तारको लागि यो कार्यक्रम राखिएको हो । नदी प्रणालीमा सञ्चालित संरक्षण कार्यबाट उकास भएका नदी उकास जग्गा, सामुदायिक, सार्वजनिक, नीजि, संस्थागत, अतिक्रमणबाट फिर्ता भएका तथा हैसियत बिग्रिएका वन क्षेत्रहरूमा यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ । यसबाट हरियाली प्रवर्द्धनका साथै भूक्षय नियन्त्रणमा समेत सहयोग पुग्नेछ । स्थानीय स्तरमा रोजगारी तथा भुमि उत्पादकत्वमा वृद्धि गरी स्थानीय सिमान्तकृत वर्गको जीविकोपार्जनमा प्रत्यक्ष सहयोग पुर्याउन समेत यस कार्यक्रमले सहयोग पुर्याउन सक्नेछ ।

### ३.११.१. कार्यक्रम सञ्चालन प्रक्रियाः

(क) कार्य सञ्चालनका लागि उपयुक्त क्षेत्र छनौट गर्नु पर्नेछ ।

(ख) कार्यक्रम सञ्चालन गर्दा समितिबाट तयार गरिएको कृषि वन प्रणाली प्रवर्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ र समितिबाट आ.व. २०७६/७७ मा गरिएको Developing Agroforestry Models in the Chure conservation Area सम्वन्धमा भएको अध्ययनले सिफारिस गरेका प्रकृया तथा प्रविधिहरू अवलम्वन गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

## ३.१२. रेन वाटर/रन अफ हार्वेस्टिङ्ग ड्याम

वर्षातको पानीको बहाव कम गरी माटो, गिट्टी, ग्रेगर, वालुवा बग्न नदिन चुरे पहाडको भिरालो स्थानमा पानी बग्ने खोल्सीको तलतिर ड्याम बनाई पानीको वहाव न्युन गर्नु पर्दछ । पानीको वेगलाई कम गर्न आवश्यकता अनुसार अन्य ड्यामहरु पनि बनाउन सकिनेछ र पानी बग्ने खोल्सीहरूमा छेकबाँध बनाउनु पर्छ । चुरेको उपल्लो क्षेत्रहरूमा र गल्छी बनेको क्षेत्रहरूमा पानी र माटो Trap गरि Runoff न्यूनीकरण गर्नाले Sedimentation Load मा कमि आई तल्लो क्षेत्रका जमीन कटान र पुरिने कार्य न्यूनीकरण हुनेछ ।

### ३.१२.१. कार्यक्रम सञ्चालन प्रक्रिया:

(क) चुरे पहाडको फेंदका खोल्सीहरूमा बाँध बनाई पोखरी निर्माण गर्न सकिनेछ ।



सदस्य-सचिव

(ख) कार्यान्वयन निकायले रेन वाटर/ रन अफ हार्वेस्टिङ्ग डयामको लागत अनुमान तयार गर्नु पूर्व उपयुक्त स्थानको पहिचान गरि स्थलगत निरीक्षण, प्राविधिक तथा सामाजिक अवस्थाको विश्लेषण सहित सर्वेक्षण गर्नुपर्नेछ ।

(ग) स्वीकृत बजेटको परिधि भित्र रही डिजाईन तथा लागत अनुमान तयार गरी सो को आधारमा कार्य सञ्चालन गरिने छ।

**३.१२.२. ध्यान दिनुपर्ने विषयहरूः-**

(क) यस कार्यक्रम अन्तर्गत निर्मित पोखरीहरू पनि अन्य उद्देश्य जस्तै माछा पालन, सिंचाई, खानेपानी आदिमा समेत प्रयोग गर्न सकिने भएको हुँदा कार्यक्रमको सम्झौताको चरणमा नै यस विषयमा विचार गर्नु पर्नेछ।

## ३.१३. सिंचाई कुलो निर्माण/मर्मत/संरक्षण

सुख्खा क्षेत्रको रूपमा परिणत हुँदै गईरहेको चुरे क्षेत्रमा पानीमा पहुँच बढाउन वा पानीको उपयोगिता बढाउन पुराना सिंचाई कुलो तथा मुहानहरू मर्मत तथा संरक्षण गर्नु पर्दछ । सिंचाई कुलोहरुको नदि कटानबाट संरक्षण वा नयाँ सिंचाई कुलोहरू निर्माण गरेर सिंचित क्षेत्र विस्तार गरी भूमी उत्पादकत्वमा वृद्धि गर्न सहयोग पुर्याउन यो कार्यक्रम राखिएको हो ।

**३.१३.१. कार्यक्रम सञ्चालन प्रक्रियाः**

(क) यो कार्यक्रम सञ्चालनका लागि प्राविधिकहरूद्वारा स्थलगत अवलोकन गरी सम्भाव्य स्थान छनौट गरिनेछ ।

(ख) लाभग्राही समुदायसँग आवश्यकता अनुसार समन्वय गरी गर्नु पर्ने क्रियाकलापहरू छनौट गरिनेछ ।

(ग) प्राविधिक सर्भेक्षण गरी उपलब्ध वजेटको आधारमा लागत अनुमान गरी कार्यक्रम सञ्चालन गरिनेछ ।



सदस्य-सचिव

#### ३.१३.२. ध्यान दिनुपर्ने विषयहरू:

(क) पानी उपयोग संरचना निर्माणको साथसाथै कृषि कार्यको लागि भूमिको उत्पादकत्व वृद्धि गराउन सहयोग हुने किसिमले कुलो निर्माण/मर्मत/संरक्षण गर्ने ।

### ३.१४. वन विरुवा उत्पादन/खरिद तथा वितरण

चुरे क्षेत्रको प्रमुख समस्यको रूपमा रहेको भू-क्षय नियन्त्रणको सरल र प्रभावकारी विधि भनेको वृक्षरोपण नै हो । यसका लागि खाली रहेको वन क्षेत्र तथा निजी जग्गामा समेत वृक्षारोपण गरी वन क्षेत्र बाहिर समेत वन विकास गर्नु पर्नेछ । यसरी वृक्षरोपण गरी रुखले ढाकेको क्षेत्रको बिस्तार गर्न कार्यक्रम कार्यान्वयन इकाईहरू मार्फत बिरुवा उत्पादन वा खरिद गरी वितरण गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ । बिरुवा वितरण गर्दा सबै प्रकारका वनहरू जस्तैः सरकारद्धारा व्यवस्थित वन, सामुदायिक वन, निजी वनहरू आदिमा जनसहभागिता परिचालन गरी वृक्षरोपण गर्न अभिप्रेरित गरिनेछ ।

#### ३.१४.१. कार्यक्रम सञ्चालन प्रक्रिया:

(क) कुन कुन प्रजातिका बिरुवाहरूको माग छ सो को प्रारम्भिक सर्भेक्षण गरी माग बमोजिम र वृक्षारोपण गरिने क्षेत्रको लागि चाहिने बिरुवा संख्या र प्रजाति एकीन गरी सोही अनुसार बिरुवा उत्पादनको लागि कार्ययोजना (समय तालिका) तयार गर्ने ।

(ख) विरुवा उत्पादनको कार्यादेशमा कति बिरुवा उत्पादन गर्ने हो स्पष्ट रूपमा खुलाउनु पर्नेछ ।

(ग) गुणस्तरयुक्त तथा स्थानीयस्तरमा सफल भएका रुख विरुवाका बीउलाई छनोट गर्नुपर्नेछ ।

(घ) यसरी उत्पादन हुने बिरुवा समुदायमा आधारित वन, सरकारद्वारा व्यवस्थित वन, सार्वजनिक तथा सरकारी जग्गामा बृक्षारोपण, चुरे दिवस, वातावरण दिवस, वन महोत्सव जस्ता कार्यक्रमहरूमा सर्वसाधारणहरूलाई नीजि जग्गामा वृक्षारोपणका लागि वितरण गरिनेछ ।

(ङ) बिरुवा उत्पादन भई वितरण गर्दा विरुवा वितरण रजिष्टरमा लगत राख्नु पर्नेछ । वितरण गरिएका बिरुवाको बिस्तृत विवरण अद्यावधिक गरी प्रगति प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

(च) कार्यालयवाटै विरुवा उत्पादन गर्न नसकिएमा वा सम्भव नभएमा विरुवा उत्पादक नर्सरीहरूवाट समेत विरुवा खरिद गरी वितरण गर्न सकिनेछ ।



सदस्य-सचिव

नेपाल सरकार
राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर



(ज) उत्पादन भएका रोपण योग्य विरुवाहरू मात्र वितरण गरिनेछ । वितरण भई बाँकी रहेका विरुवाहरू नर्सरीमै मौज्दात राखी संरक्षण गरिनेछ ।

**३.१४.२. कार्यक्रम सम्पन्न भए पछि प्रगतिमा निम्न बिषयहरू समावेश गर्नुपर्नेछः-**

(क) उत्पादित वा खरिद भएका विरुवाहरूको प्रजाति र संख्या

(ख) वितरणको लगत (सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, निजी वन तथा आवादी जग्गामा, सार्वजनिक पर्ति जग्गामा रोपण गर्न)

(ग) विभिन्न क्रियाकलापहरूको फोटो

## ३.१५. नर्सरीमा विरुवा उत्पादनको लागि नर्सरी नाइकेको ज्याला

कार्यक्रम कार्यान्वयन इकाईहरूबाट सञ्चालन भईरहेको स्थायी नर्सरी तथा वहुवर्षिय बिरुवा उत्पादन गर्ने नर्सरीहरूमा वर्ष भरी नै विरुवा उत्पादन तथा संरक्षण लगायतका काम गर्नुपर्ने हुन्छ । यसका लागि नर्सरीमा काम गर्न तालिम प्राप्त नर्सरी नाईके भर्ना गरी वर्षभरी नै काममा लगाई पारिश्रमिक (ज्याला) उपलब्ध गराउने प्रयोजनका लागि यो कार्यक्रम राखिएको छ ।

**३.१५.१. कार्यक्रम सञ्चालन प्रक्रिया:**

(क) उपलब्ध वजेट र स्थायी नर्सरीको संख्याको आधारमा आवश्यक नर्सरी नाईके संख्या तथा मासिक ज्यालादर कायम गरी लागत इष्टिमेट तयार गर्ने ।

(ख) सोको आधारमा नर्सरी नाईके नियुक्त गर्ने ।

(ग) आवश्यकता अनुसार नर्सरी नाईकेलाई विरुवा उत्पादन तथा संरक्षणका विषयमा प्रशिक्षण दिने।

## ३.१६ क्षतिग्रस्त भुमि पुनरुत्थान

बढ्दो वन विनास, खुल्ला चरिचरण, डढेलो, बाढी पहिरो, भू-क्षय लगायतका कारणले चुरे पहाडहरू दिनप्रति दिन क्षतिग्रस्त हुँदै गएका छन् । वनसँग जोडिएको वा नजोडिएका सार्वजनिक जग्गा अव्यवस्थित उपयोगले समेत क्षतिग्रस्त हुन पुगेको छ । यस्ता क्षतिग्रस्त जग्गाहरूको पुनरुथान गरि हरियाली अभिवृद्धि गर्नुका साथै उत्पादकत्व बढाई पुनरुत्थान गर्ने उद्धेश्यले यो कार्यक्रम राखिएको हो । यस अन्तर्गत चुरे क्षेत्रको माटो संरक्षण, हरियाली



सदस्य-सचिव
नेपाल सरकार
कृषि, वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

प्रवर्धन, पानीको स्रोत संचितिमा प्रभाव पार्ने र स्थानीय रोजगारी प्रवर्धन गर्ने प्रकृतिका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

**३.१६.१ क्रियाकलापहरूः**

(क) फलफूल रोपण

(ख) घाँस, बाँस अन्य विरुवा रोपण

(ग) वन प्रजातिका विरुवाहरू रोपण

(घ) पुनरोत्पादन (Regeneration) को लागि वार वन्देज व्यवस्थापन।

(ङ) गह्रा सुधार तथा सिंचाई व्यवस्थापन

(च) भुमिगत जल पुनर्भरण वृद्धिका लागि संरचनाहरू निर्माण

(छ) कम खर्चिलो भू संरक्षण प्रविधिहरु

**३.१६.२ कार्यक्रम सञ्चालन प्रक्रिया:**

(क) क्षतिग्रस्त जमिनहरूको मापन गरी कार्यसञ्चालन गर्ने क्षेत्र तय गरिनेछ ।

(ख) सचालन गरिने कार्यक्रम वारे जानकारी गराई आवश्यकता अनुसार सम्वन्धित स्थानीय तहसँग समन्वय गरिनेछ ।

(ग) स्थलगत अवलोकन गरि पुनरुत्थान क्रियाकलापहरू छनौट गरिनेछ ।

(घ) स्थानीय उपभोक्तासँग समन्वय गरि प्राविधिकहरूबाट लागत अनुमान तयार गरी स्वीकृत गराएर कार्यक्रम सञ्चालन गरिनेछ ।

(ङ) रोपण गरिएका विरुवाको रेखदेख तथा स्याहार संभार गर्न अर्को वर्ष अनिवार्य रुपमा बजेट प्रस्ताव गरी संरक्षणको प्रबन्ध गर्नु पर्नेछ ।



सदस्य-सचिव

**३.१७. बिगत वर्षमा संचालित कार्यहरुको संरक्षण तथा मर्मत सम्भार/विगतमा रोपण गरिएको स्थानमा पुनः रोपण/ विगतको वृक्षारोपणको रेखदेख हेरचाह र पुनः रोपण**

यो कार्यक्रम अन्तर्गत भएगरेका कामहरूको थप प्रभावकारीता एवं दिगोपना अभिवृद्धि गर्न आवश्यक व्यवस्थापन गर्ने उद्देश्यले राखिएको कार्यक्रम हो । सानातिना सहयोगमा स्थानीय समुदायहरू समेत परिचालन गरी सञ्चालन गर्न सकिने निम्नानुसारका क्रियाकलापहरू यस कार्यक्रम अन्तर्गत सञ्चालन गर्न सकिनेछ ।

**३.१७.१ क्रियाकलापहरूः**

क) निर्मित ईन्जिनियरिंग संरचनाहरूको मर्मत सम्भार

ख) वृक्षारोपण क्षेत्रको तारवार मर्मत

ग) वृक्षारोपण क्षेत्रका मरेका बिरुवाको ठाउँमा नयाँ रोपण र गोडमेल

घ) हेरालुद्वारा वृक्षरोपण क्षेत्रको संरक्षण

**३.१७.२ कार्य सञ्चालन प्रक्रियाः**

(क) सञ्चालन गरिने क्रियाकलाप तथा स्थान एकीन गर्ने

(ख) आवश्यकता अनुसार सरोकारवालाहरूसँग छलफल

(ग) यो कार्यक्रम सञ्चालन गरिने क्रियाकलाप अनुसार ठेक्काबाट, उपभोक्ता समूहबाट वा अमानतबाट सञ्चालन गर्न सकिनेछ।

**३.१८. जनताको रहरः हरित शहर कार्यक्रम**

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको कार्यक्षेत्र भित्र पर्ने मुख्य शहरहरूमा हरियाली शहर बनाउन वृक्षरोपण गर्ने, शहरका सडकका पेटीहरूमा बाटो अवरोध नहुने गरी फुल फुल्ने, फल फल्ने र वास्नादार प्रजातिहरूको वृक्षारोपण गर्ने तथा शहरलाई हरियाली बनाई वातावरणीय संरक्षण बनाउने उद्देश्यले यो कार्यक्रम ल्याइएको हो । यो कार्यक्रम कार्यक्रम कार्यान्वयन ईकाइ मार्फत कार्यान्वयन गरिने छ । शहरका टोल सुधार समिति, उपभोक्ता समिति र निजी घरपरिवार परिचालन गरेर वृक्षारोपण गरिने छ । शहरलाई हरियाली बनाउन स्थानीय तहसँगको समन्वय तथा माग र प्राथमिकताको आधारमा कार्यक्रम कार्यान्वयन गरिने छ ।



सदस्य-सचिव

नेपाल सरकार
राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर



**३.१८.१ कार्यक्रम कार्यान्वयन प्रक्रियाः**

(क) समितिको कार्यक्षेत्र अन्तर्गतका प्रमुख शहरहरूसँग सम्बन्धित स्थानीय तह तथा सरोकारवाला समूहसँगको समन्वयमा शहरलाई हरियाली प्रवर्द्धन गर्न स्थान छनौट गरी क्रियाकलापहरू पहिचान गरिने छ।

(ख) सरकारी, पर्ती तथा शहरका पेटीहरूमा हरियाली बनाउने प्रजातिका विरुवाहरूको वृक्षारोपण गर्न उपभोक्ता समिति र सम्बन्धित प्राविधिकहरूसँगको परामर्शमा लागत अनुमान गरिने छ ।

(ग) लागत अनुमान बमोजिम आवश्यक पर्ने हरियाली बनाउने स्थानीय र मझौला खालका रुख प्रजातिका विरुवा खरिद तथा दुवानीको कार्य कार्यान्वयन इकाईबाट गर्न सकिनेछ ।

(घ) शहरको वरिपरी, सडकका पेटीमा वृक्षरोपण गर्न विरुवाहरू खरीद गर्दा प्राविधिकहरूले प्रमाणित गरेका, नर्सरीमा कम्तिमा एक वर्ष रहेका पुराना विरुवा खरिद गरी वितरण गरिने छ।

(ङ) यो कार्यक्रम कार्यान्वयनका लागि कृषि, वन तथा पर्यावरण मन्त्रालय र अन्तर्गतका निकायहरुबाट तयार गरिएको शहरी वन कार्यक्रम कार्यान्वयन कार्यविधिलाई पनि मार्गदर्शनको रुपमा लिइनेछ ।

**३.१९. नर्सरी निर्माण, मर्मत/स्तरन्नोती तथा व्यवस्थापन**

कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुबाट सञ्चालन गरिएका विरुवा उत्पादन नर्सरीहरु जिर्ण अवस्थामा रहेकाले तिनको नियमित मर्मतसंभार गर्न यो कार्यक्रम राखिएको हो ।

**३.१९.१ कार्यक्रम सञ्चालन प्रकृयाः**

(क) उत्पादन गरिने विरुवाहरुको प्रकृति तथा संख्या अनुसार नर्सरी बेड तथा ट्रान्सप्लान्ट बेडहरु निर्माण तथा मर्मतसंभार गर्नु पर्ने छ ।

(ख) नर्सरीमा आवश्यक पर्ने सेड घर तथा फेन्सिङ्ग लगायतमा मर्मत संभार गर्नु पर्नेछ ।

(ग) नर्सरीको लागि आवश्यक पर्ने सिंचाई सामाग्री तथा बिजुली व्यवस्थापनसमेत गर्न सकिनेछ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं



सदस्य-सचिव

### ३.२०. अग्नी नियन्त्रणसम्बन्धी सामाग्री, उपकरण तथा सामान

चुरे क्षेत्रको वढ्दो क्षयीकरणलाइ नियन्त्रण गर्नका लागि चुरे क्षेत्रमा भएको वन क्षेत्रलाइ संरक्षण गर्नुका साथै खाली पर्ति जग्गाहरुमा वृक्षारोपण गरी हुर्काउन जरुरी रहेको छ । चुरे क्षेत्रमा हुने समस्याहरु मध्ये वन डढेलो पनि एक हो । चुरे क्षेत्रमा हुने वन डढेलोलाई समयमा नै नियन्त्रण गर्नुपर्ने हुन्छ। यसका लागि अग्नी नियन्त्रकहरुलाइ अग्नी नियन्त्रण सम्बन्धी सामाग्री उपकरण तथा सामानहरुको आवश्कता पर्दछ ।

यिनै सामाग्री मध्ये चुरे संरक्षण क्षेत्रमा हुने वन डढेलो नियन्त्रणका लागि प्रयोग हुने PPE Set, FireJet, Fire swatter, Fire rake, Axe आदिको सेट सामाग्री खरिद गरी अग्नि नियन्त्रण गर्ने निकायमा रहने गरी यस कार्यक्रम राखिएको छ ।

#### ३.२०.१ कार्यक्रम सञ्चालन प्रकृयाः

(क) चुरे संरक्षण क्षेत्रमा हुने वन डढेलो नियन्त्रणका लागि प्रयोग हुने सामाग्रीहरु PPE Set, FireJet, Fire swatter, Fire rake, Axe आदिको सेट सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम प्रक्रियाहरु अपनाइ खरिद गरिनेछ ।

(ख) यसरी खरिद गरिएको सामाग्रीहरु PPE Set, FireJet, Fire swatter, Fire rake, Axe आदिको सेट चुरे संरक्षण क्षेत्रमा हुने वन डढेलो नियन्त्रणका लागि प्रयोग हुनेगरी सुरक्षा निकाय, वन संरक्षणमा कार्य गर्ने सरकारी तथा गैरसरकारी निकायहरु हस्तान्तरण गर्न सकिनेछ ।

### ३.२१. प्राकृतिक पुनरुत्पादन प्रवर्धनमा सहयोग कार्यक्रम

हैसियत बिग्रिएको वन क्षेत्रमा बिद्यमान प्राकृतिक पुनरुत्पादनको संरक्षण गरी हुर्कने वातावरण बनाउन र त्यस क्षेत्रमा प्राकृतिक रुपमै थप पुनरुत्पादन हुने वातावरण बनाउन यो कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि त्यस वन क्षेत्रमा चरिचरण नियन्त्रण गर्ने, झाडी सफाई गर्ने, उपयुक्त प्रजातिको वीउ छर्ने, वीउ उम्रनकालागि उपयुक्त वातावरण बनाउन जमीन खनजोत गर्ने, Thinning गर्ने, Singling गर्ने जस्ता क्रियाकलापहरु गर्न सकिन्छ । चरिचरण नियन्त्रणका लागि आवश्यकता अनुसार तारबार समेत गर्न सकिनेछ ।

सदस्य-सचिव

## परिच्छेद-४

## अध्ययन अनुसन्धानसम्वन्धी कार्यक्रम कार्यान्वयन

बार्षिक कार्यक्रम तथा बजेटमा स्वीकृत भएका अध्ययन तथा अनुसन्धानसँग सम्बन्धित क्रियाकलापहरु कार्यान्वयन गर्दा निम्नानुसारका विधि तथा प्रक्रिया अवलम्वन गरिनेछ ।

**४.१ कार्यक्रम सञ्चालन प्रक्रियाः**

राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिका बार्षिक कार्यक्रममा समावेश भएका चुरे संरक्षण र व्यवस्थापन सम्बन्धी अध्ययन तथा अनुसन्धान कार्यक्रमहरू सञ्चालन गर्दा निम्नानुसारको कार्यबिधीहरू अबलम्बन गर्नुपर्नेछ ।

(क) बार्षिक कार्यक्रममा समावेश भएको अध्ययन अनुसन्धान कार्यक्रमहरूको कार्यक्षेत्रगत शर्तहरू (Terms of References) तयार गर्ने ।

(ख) कार्यक्षेत्रगत शर्तहरूमा अध्ययन कार्यक्रमको उद्देश्यलाइ समेट्ने गरी अनुसन्धान कार्य सम्पन्न गर्नको लागि गर्नुपर्ने कार्यहरू जस्तैः अध्ययनका विधिहरू, संकलन र तयार गर्नुपर्ने तथ्यांकहरू, अध्ययन कार्यको लागि आवश्यक पर्ने जनशक्ति, प्रतिवेदनको ढाँचा तथा समयरेखा लगायतका विषयहरु स्पष्ट रूपमा उल्लेख गर्नु पर्ने।

(ग) कार्यक्षेत्रगत शर्तहरू तयार गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुरूप हुने गरी समेत तयार गर्नु पर्ने।

(घ) कार्यक्षेत्रगत शर्तहरू अध्ययन अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने शाखा आफैले गर्नु पर्ने तर सम्बन्धित विषयसँग विज्ञ कर्मचारी नरहेको अवस्थामा परामर्श सेवा खरिद गरि तयार गर्न सकिने।

(ङ) कार्यक्रमको कार्यक्षेत्रगत शर्त (TOR) स्वीकृत भैसके पछि सम्बन्धित शाखाले लागत अनुमान तयार गरी स्वीकृत गराउनु पर्दछ ।

(च) लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुने गरी परामर्श सेवाको लागि खर्च हुने र समितिबाट खर्च हुने लागत अनुमान स्पष्ट रूपमा छुट्टिने गरी तयार गर्नु पर्दछ ।

(छ) लागत अनुमान तयारीको लागि प्रचलित सार्वजनिक खरिद नियमावलीमा उल्लेखित ढाँचा प्रयोग गर्नु पर्दछ ।



सदस्य-सचिव

(ज) लागत अनुमान स्कीकृति पश्चात अध्ययन अनुसन्धान कार्यक्रमको लागतको आधारमा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम उपयुक्त खरिद प्रक्रिया अबलम्बन गरी परामर्शदाताको छनौट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

### ४.२ विशेषज्ञ नियुक्ती

अध्ययन अनुसन्धान तथा विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्ने क्रममा व्यवस्थापन तथा प्रशासकीय कार्यविधि नियमावली २०७१ अनुसार विशेषज्ञ नियुक्ती/छनौट गर्न सकिनेछ ।



सदस्य-सचिव

## परिच्छेद-५

## प्रचार प्रसारसम्वन्धी कार्यक्रम कार्यान्वयन

### ५.१. प्रचार प्रसार सम्वन्धी कार्यक्रम

५.१.१. प्रचार प्रसारका कार्यक्रमहरू सञ्चालन गर्दा निम्न लिखित बिषयहरूमा ध्यान दिनुपर्ने छः-

(क) वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार र चुरे संरक्षण सम्बन्धी जनचेनता अभिवृद्धि गर्न, सफल कार्यक्रमहरूको प्रचार प्रसार गर्न, वन पैदावारमा आत्मनिर्भर वनाउन, उपभोक्ताहरूको जिविकोपार्जनमा थप सहयोग गर्न, सञ्चार जगतको आधुनिकतासँग समन्वय गरी कार्यालयबाट भएका कार्यहरूको सूचना प्रसारणलाई छिटो छरितो बनाउन आवश्यकता अनुसारको विभिन्न किसिमका प्रचार प्रसार सामग्री उत्पादन, वितरण तथा प्रसारण गरिनेछ । प्रचार प्रसार सामग्री उत्पादन, वितरण तथा प्रसारण गर्दा सकभर स्थानीय परिवेश तथा भाषालाई प्राथमिकता दिनुपर्ने छ ।

(ख) कार्यक्रमको सान्दर्भिकतालाई ध्यानमा राखेर जैविक विविधता संरक्षण तथा व्यवस्थापन सम्बन्धी विभिन्न सूचना तथा जानकारीहरू स्थानीय/क्षेत्रीय सञ्चार माध्यमसँग सम्झौता गरी चेतनामुलक सूचना सम्प्रेषण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) अवलोकन भ्रमण गराउँदा सम्भव भएसम्म नजिकै नमुना स्थलहरूमा भ्रमण गराउनु पर्नेछ । जिल्ला बाहिर अवलोकन भ्रमण गराउनु पर्दा नमुना/सफल रहेका स्थापित कार्यक्रमहरूको भ्रमण गराउनु पर्ने छ । भ्रमण पश्चात् सो सम्बन्धी ज्ञान, सीप र शिक्षाको बारेमा समिक्षा गर्न तथा आदान प्रदान गर्न स्थानीय स्तरमा छलफल गराउनु पर्नेछ ।

(घ) कार्यक्रम सम्पन्न भए पश्चात् कार्यालयको रेकर्डमा सम्पन्न गरिएको कार्यक्रमहरूको नाम र अन्य तथ्यगत सामग्री तथा विवरण, कार्यक्रमबाट लाभान्वीत जनसंख्या सम्बन्धी विवरण, कार्यक्रमवाट प्राप्त ठोस उपलब्धीहरू, उत्पादन गरिएको प्रचार प्रसार सामग्रीको संख्या, प्रसारण गरिएको भए प्रसारण मिति र साधन, उत्पादित सामग्रीको नमूना आदिको अभिलेखिकरण प्रष्ट भएको हुनुपर्ने छ ।



सदस्य-सचिव

नेपाल सरकार
राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर



(ङ) प्रचार प्रसार कार्यक्रमबाट भएका उपलब्धी तथा विशिष्ट उल्लेख्य नमुना/प्रगति मासिक तथा चौमासिक रूपमा पेश गर्नुपर्नेछ।

(च) प्रचार प्रसार र सोही प्रकृतिका अन्य कार्यहरू समेत गर्न सकिनेछ।

**५.१.२ जनशक्ति ब्यवस्थापनः**

माथिका कार्यक्रमहरू संचालनार्थ समितिको सार्वजनिक सञ्चार सामाजिक परिचालन तथा प्रतिवेदन शाखा जिम्मेवार रहने छ । आवश्यक्ता अनुसार विज्ञताको आधारमा अन्य शाखा/कर्मचारीको समेत सहयोग लिई कार्य सञ्चालन गरिनेछ ।

## ५.२ बार्षिक क्यालेण्डर प्रकाशन तथा वितरण

राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिका कार्यक्रमहरूको प्रचार प्रसार गरी चुरे क्षेत्रमा भएका गतिविधि, फोटो लगायत संकलन गरी वार्षिक क्यालेण्डरमा समावेश गरी प्रकाशन तथा वितरण गर्ने लक्ष्यका साथ यो कार्यक्रम राखिएको छ ।

## ५.३ कार्यालयले सम्पादन गरेका सफल कार्यहरु सम्बन्धी वृतचित निर्माण

चुरे संरक्षण संबन्धी सफल अभ्यासका गतिविधिहरूलाई सरोकारवाला (स्थानीय वासिन्दा) समक्ष पु-याई जनचेतना बृद्धि समेत गरी चुरे संरक्षणमा जनताको योगदान वृद्धि गर्ने उद्देश्यका साथ यो कार्यक्रम राखिएको हो ।

**५.३.१ कार्यक्रम सञ्चालन प्रक्रियाः**

(क) यस कार्यक्रम सञ्चालनका लागि कार्यसूची (TOR) निर्माण गरिनेछ ।

(ख) स्वीकृत कार्यसूची अनुसार सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम सेवा प्रदायक छनौट गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

(ग) वृतचित्र तयार गर्न विनियोजित बजेट अपुग हुने भएमा कन्टिन्जेन्सीबाट समेत बजेट थप खर्च गरी कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

## ५.४ प्रचारप्रसार सामाग्री उत्पादन/खरिद/वितरण

चुरे क्षेत्रमा संचालित समितिका विभिन्न सफल अभ्यास, चुरे क्षेत्रको विशेषता, चुरे संरक्षणका स्थानीय प्रविधि लगायत जनसरोकारका विविध पक्ष तथा फोटाहरू संलग्न गरी प्रचार सामाग्री तयारी गर्ने तथा कार्यक्रम कार्यान्वयन इकाई मार्फत स्थानीय तहसम्म चुरेका कार्यक्रम तथा संरक्षण उपायहरू प्रचार प्रसार गर्नु यस कार्यक्रमको मुख्य लक्ष्य



सदस्य-सचिव

नेपाल सरकार
राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर



रहेकोछ । यस कार्यक्रमबाट चुरे संरक्षण सम्बन्धी ब्रोसर/पर्चा/पम्पलेट/डायरी/टिसर्ट/क्याप/पोस्टर/स्टिकर लगायतका सामाग्रीहरु समेत तयार गर्न सकिनेछ । यसरी तयार पारिएको प्रचार प्रसार सामाग्री सरोकारवालालाई वितरण गर्न सकिने छ ।

**५.४.१ कार्यक्रम सञ्चालन प्रक्रियाः**

(क) यस कार्यक्रम सञ्चालनका लागि कार्यसूची निर्माण गरिनेछ ।

(ख) स्वीकृत कार्यसूची अनुसार कानून बमोजिम सेवाप्रदायक छनौट गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

## ५.५ चुरे संरक्षणसम्बन्धी सन्देशमूलक समाग्री प्रकाशन (विभिन्न पत्रपत्रिकामा)

चुरे क्षेत्रभित्र रहेका सरोकारहरूलाई जनचेतना वृद्धि गर्न विभिन्न सन्देशमूलक सामाग्रीहरू तयार गरी पत्रपत्रिकाहरूमा प्रकाशन गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**५.५.१ कार्यक्रम सञ्चालन प्रक्रियाः**

(क) समितिको सम्बन्धित शाखाको पत्र मार्फत सामाग्री उपलब्ध भए पछि मात्र पत्रपत्रिकाले सन्देशमुलक सामाग्री प्रकाशन गर्ने ।

(ख) भूक्तानीका लागि प्रकाशित सामाग्री सहित निवेदन प्राप्त भएपछि नियमानुसार भूक्तानी गर्ने व्यवस्था गरिने छ ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं
सदस्य-सचिव

## परिच्छेद-६

## तालिम, गोष्ठी, भ्रमण तथा बैठकसम्वन्धी कार्यक्रम

### ६.१. तालिम, गोष्ठि, भ्रमण तथा बैठक सम्वन्धी कार्यक्रम

समिति तथा कार्यक्रम कार्यान्वयन इकाईहरू मार्फत सञ्चालन गरिने विभिन्न कार्यक्रमहरूमा रहेका क्षमता अभिवृद्धि तथा प्रचार प्रसार सम्बन्धित कार्यक्रमहरूमा सामन्जस्यता, एकरूपता तथा आपसी समन्वय कायम राखी लक्ष्य अनुरूपको प्रतिफल हासिल गर्न तथा कार्यक्रम सञ्चालन प्रक्रियालाई सहज तुल्याउने उद्देश्यले यो कार्यविधी तर्जुमा गरीएको छ । यस कार्यविधीले सञ्चालन गरिने क्षमता अभिवृद्धि तथा प्रचार प्रसार सम्बन्धित कार्यक्रमहरूको फिल्ड स्तरका सवै कर्मचारीहरूमा समान वुझाई भई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न थप सहयोग पुर्याउने विश्वास लिइएको छ । क्षमता अभिवृद्धि तथा प्रचार प्रसार मार्फत संस्थागत विकास गर्न, संस्था/व्यक्ति/समुहमा आइपर्ने चुनौतीहरूलाई सामना गर्न र अवसरलाई उपयोग गरी जिवनस्तरमा सुधार ल्याउन, वन, वन्यजन्तु, वातावरण र जैविक विविधता संरक्षण सम्बन्धी जनचेतना अभिवृद्धि गर्न, सफल कार्यक्रमहरूको प्रचार प्रसार गर्न, वन पैदावारमा आत्मनिर्भर वनाउनका साथै उपभोक्ताहरूको जिविकोपार्जनमा थप सहयोग गर्न, क्षमता अभिवृद्धि तथा प्रचार प्रसारका कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक रहेको छ।

#### ६.१.१ सञ्चालन गरिने कार्यक्रमहरू :

(क) कर्मचारी सिप विकास तालिम (GPS/GIS/Google earth engine/AI Tools/ AutoCAD/Drone Handling लगायत)

(ख) कर्मचारी क्षमता अभिवृद्धि तालिम

(ग) कर्मचारीहरूका लागि drawing design and estimate तालिम

(घ) चुरे क्षेत्रमा पानी संरक्षण तथा भूमिगत जल पुनर्भरण सम्बन्धी अन्तर्क्रिया

(ङ) चुरेसम्बन्धी नदी प्रणाली स्तरीय अभिमुखीकरण

(च) चुरे संरक्षणसम्बन्धी अभिमुखीकरण

(छ) योजना तर्जुमा तथा समिक्षा गोष्ठी

(ज) क्लस्टर स्तरीय समन्वय, प्रगति समिक्षा गोष्ठी



सदस्य-सचिव

नेपाल सरकार
राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर



(झ) प्रदेश स्तरीय समन्वय गोष्ठी

(ञ) केन्द्रस्तरीय समन्वय गोष्ठी

(ट) क्लस्टर स्तरीय समन्वय, प्रगति समिक्षा गोष्ठी

(ठ) केन्द्र स्तरीय प्रगति समिक्षा गोष्ठी

(ड) वार्षिक योजना तर्जुमा गोष्ठी

**६.१.२ ध्यान दिनुपर्ने विषयहरूः**

(क) तालिम सञ्चालन गर्नका लागि सम्बन्धित कार्यालयले स्वीकृत कार्यक्रममा तोकेको विषयमा ज्ञान सीप भएको र सहजीकरण गर्न सक्ने स्थानीय स्रोत ब्यक्तिको रोष्टर तयार गर्न सकिने छ । यस्ता स्रोत व्यक्तिहरूमा सो विषयसँग सम्बन्धित कार्यालयका कर्मचारीका अतिरिक्त कृषक, र अन्य सरोकारवाला सरकारी / गैहसरकारी निकायमा कार्यरत कर्मचारीहरू पनि हुन सक्नेछन् ।

(ख) सबै किसिमका तालिम/गोष्ठी/अन्तरक्रिया/अभिमुखीकरण गर्दा कृषि, वन तथा पर्यावरण मन्त्रालयबाट स्वीकृत विकास निर्माणको कार्यक्रम सञ्चालन गर्दा प्रयोग गरिने नर्मस २०७० र अर्थ मन्त्रालयबाट स्वीकृत कार्य सञ्चालन निर्देशिका बमोजिम गनुपर्नेछ । उक्त नर्मस बमोजिम सम्बन्धित तालिम, गोष्ठिको लागत अनुमान तयार गरी स्वीकृत पश्चात् सञ्चालन गर्नुपर्ने छ ।

(ग) सम्बन्धित तालिम, गोष्ठिको सञ्चालन गर्नु पूर्व सेसन योजना बनाउनुपर्ने छ । साथै सो सेसन योजना कार्यालय प्रमुखबाट स्वीकृत गराउनु पर्ने छ ।

(घ) कर्मचारीको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमको लागि कर्मचारी छनौट गर्दा सम्बन्धित विषयमा चासो राख्ने, सो कार्यक्रममा सहभागी भए पश्चात् आफुले सिकेको ज्ञान, सिप अरुलाई दिन सक्ने कर्मचारीलाई प्राथमिकता दिनुपर्ने छ ।

(ङ) क्षमता अभिवृद्धिका लागि समुहमा सहभागी छनौट गर्दा समुहको काममा सक्रिय रूपले लाग्ने, समुहका सदस्यहरूलाई सहयोग गर्ने, तोकिएको कार्यक्रममा सहभागी भएर आए पश्चात् सिकेको ज्ञान, सिप अरुलाई आदानप्रदान र प्रसारण गर्न सक्ने, साथै सो को उपयोग गरी स्वयं र समुहलाई फाइदा पुर्याउने किसिमका सदस्यलाई प्राथमिकता दिनुपर्नेछ ।

(च) क्षमता अभिवृद्धिका कार्यक्रम सम्भव भएसम्म स्थलगत रूपमा नै सञ्चालन गर्नुपर्नेछ ।



कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं
सदस्य-सचिव

(छ) क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्दा लैङ्गिक तथा सामाजिक समाबेशीकरणको सम्वेदनशीलतालाई ध्यान दिई सकेसम्म ५० प्रतिशत महिला तथा बिपन्न बर्गको सहभागिता सुनिश्चितता गराउनु पर्ने छ ।

(ज) क्षमता अभिवृद्धि हुने किसिमका कार्यक्रम मुख्यतया समुहमा सञ्चालन गनुपर्ने हुँदा एक पटकमा प्रत्येक समुहमा कम्तीमा १० जना भन्दा बढि सहभागिहरू समावेश भएको हुनुपर्ने छ । स्वीकृत बजेट र प्रचलित नियमको परिधिभित्र रही सहभागीहरूलाई तोकिएको नर्मस् अनुसारको भत्ता तथा अन्य सुविधा उपलब्ध गराउन सकिनेछ। प्रशिक्षकलाई तालिम नर्मसको आधारमा प्रशिक्षण भत्ता उपलब्ध गराउन सकिनेछ ।

(झ) कार्यक्रमलाई थप प्रभावकारी बनाउन प्राप्त श्रोत साधन, सहभागिहरूको स्तर साथै आवश्यकतालाई मध्यनजर गरी विभिन्न किसिमका सिकाईका माध्यमहरू अपनाउन सकिन्छ। सो को लागि आवश्यकतानुसार विषयसँग सम्बन्धित प्रचार प्रसारका सामग्रीहरू तयारी, संकलन तथा खरीद गर्न सकिने छ वा कुनै तयारी सामग्रीहरू वितरण गनुपर्ने भएमा सो समेत गर्न सकिने छ । कार्यक्रम सञ्चालन गर्दा सहभागिले बुझ्ने भाषा प्रयोग गर्नुपर्ने छ।

(ञ) यस्ता कार्यक्रमको अन्तमा सञ्चालन गरीएको कार्यक्रमका सहभागिहरूबाट पृष्ठपोषण लिनुपर्ने छ। जसले गर्दा आगामी वर्षको कार्यक्रम सञ्चालनमा थप सहयोग पुग्ने छ । यसका लागि पूर्व निर्धारित फारामहरू तथा मुल्याङ्कन ढाँचाहरू प्रयोग गर्न सकिने छ।

(ट) कार्यक्रम सम्पन्न भएपछि हरेक तालिम गोष्ठीको विस्तृत विवरणहरू जस्तैः स्थान, सहभागीको संख्या, कार्यक्रमको प्रभावकारीता आदि बारे पृष्ठपोषण समेत उल्लेख भएको प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयमा राख्नुपर्ने छ। सञ्चालन भएको तालिमको प्रतिवेदन तथा मुख्य उपलब्धी समितिमा पेश गरिने प्रगतीमा उल्लेख गर्नु पर्नेछ ।

(ठ) क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन पश्चात् तोकिए बमोजिमको सार्वजनिक सुनुवाई समेत गर्नुपर्नेछ ।

(ड) यसका साथसाथै वर्षभरी संञ्चालन गरेको क्षमता अभिवृद्धि कार्यक्रमबाट लाभान्वित दलित, जनजाती, विपन्न, महिला, पुरुष सहभागीको संख्या, संञ्चालन गरेको कार्यक्रमको नाम उल्लेख हुने अभिलेख तयार



सदस्य-सचिव

गरी वार्षिक प्रगतीमा समावेश गरी पठाउनु पर्नेछ । समितिबाट समन्वयका लागि कार्यशाला गोष्ठी तथा बैठक आयोजना गरी सञ्चालित कार्यक्रम सम्बन्धमा छलफल/अन्तरक्रिया सञ्चालन गरिनेछ ।

### ६.२ क्लस्टर स्तरीय समन्वय, प्रगति समिक्षा गोष्ठि/प्रदेश स्तरीय समन्वय समितिको बैठक

चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना २०७४ को मार्गदर्शन र प्रदेश समन्वय समितिको गठन तथा सञ्चालन कार्यविधि, २०७८ बमोजिम एकपटक बैठक आयोजना गरी कार्यक्रम कार्यान्वयनको अवस्था, प्रभाव, कार्यान्वयनका क्रममा देखापरेका समस्याको विश्लेषण गर्न प्रदेश अन्तर्गतका सम्बन्धित सरोकारवालाहरू बीच छलफल तथा समन्वय गर्ने यो कार्यक्रमको उद्देश्य रहेको छ । यस कार्यक्रमबाट राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण विकास समिति अन्तर्गत रहेको कार्यक्रम कार्यान्वयन इकाईहरूबाट (५ वटै) गत आ.व.मा संचालित कार्यक्रमहरूको प्रगति समिक्षा गरी चालु आ.व. को कार्यक्रमहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न समेत मार्गदर्शन गर्नेछ ।

#### ६.२.१ कार्यक्रम सञ्चालन प्रक्रिया:

(क) कार्यक्रमलाई प्रभावकारी रूपले सञ्चालन गर्न प्रदेश स्तरवाट समन्वय गर्नु पर्ने विषयवस्तु तथा निकायहरूको पहिचान गर्नु पर्नेछ ।

(ख) सम्बन्धित इकाईले प्रदेश समन्वय बैठकको प्रस्ताव तयार गरी बैठकको लागि आवश्यक तयारी तथा पत्राचार गरी बैठकको आयोजना गर्नु पर्नेछ ।

(ग) बैठकबाट पारित निर्णय तथा प्राप्त सुझावहरू कार्यान्वयनका लागि व्यवस्था मिलाउनु पर्नेछ ।

#### ६.२.२ जनशक्ति तथा बजेट व्यवस्थापन:

यो कार्यक्रम सञ्चालन गर्न समितिका कर्मचारी तथा इकाई कार्यालयका प्रमुख र कर्मचारी परिचालित हुनेछन् । यो कार्यक्रम अन्तर्गत कम्तिमा एउटा बैठक सञ्चालन गर्नेगरी इकाई कार्यलयहरुलाई बजेट विनियोजन गरिएको छ ।

### ६.३ केन्द्र स्तरीय प्रगति समिक्षा गोष्ठी

कार्यक्रम कार्यान्वयन निकायबाट सम्पादन भए गरेका आर्थिक एवं भौतिक गतिविधिहरूका प्रगती विवरण, सम्पादनको क्रममा अभ्यास गरिएका असल सिकाइहरू एवं आइपरेको समस्या तथा समस्या समाधानका लागि

नेपाल सरकार
राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर



गरिएका प्रयासहरू समेतका विवरणहरूका सम्वन्धमा समय समयमा समीक्षा गरी पृष्ठपोषण प्राप्त गर्न र उक्त पृष्ठपोषणको आधारमा संस्थागत सुधारका उपायहरू पहिचान गर्न समिक्षा गोष्ठिको आयोजना गर्ने गरिन्छ । समितिका कर्मचारीहरु र कार्यन्वयन निकायका प्रमुखहरू तथा योजना हेर्ने कर्मचारीहरू, कृषि, वन तथा पर्यावरण मन्त्रालय, अर्थ मन्त्रालय र योजना अयोगका प्रतिनिधिहरू र अन्य सरोकारवालाहरू समेतको सहभागितामा केन्द्र स्तरीय प्रगति समिक्षा गोष्ठी सञ्चालन गरिने छ । निम्न उद्देश्यहरू प्राप्तिका लागि केन्द्र स्तरीय प्रगति समिक्षा गोष्ठी सञ्चालन गरिनेछ ।

(क) समिक्षा अवधिमा भए गरेका आर्थिक तथा भौतिक प्रगती र कार्यक्रमका सबल तथा दुर्बल पक्षहरूको पहिचान गरी आगामी दिनको लागि पृष्ठपोषण तथा मार्ग दर्शनको रूपमा लिइनेछ ।

(ख) सम्पादित कार्यक्रमहरू चुरे तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना २०७४ अनुरूप रहे नरहेको पहिचान गरी आगामी दिनमा सञ्चालन गरिने कार्यक्रमहरूलाई मार्गदर्शन दिइनेछ ।

(ग) असल सिकाइहरूको पहिचान गरी अनुकरणीय कार्यहरूको अनुसरण तथा मार्ग दर्शनको रूपमा आगामी दिनमा अनुसरण गरिने छ ।

(घ) कार्यक्रमहरूलाई पारदर्शी तथा जनउत्तरदायि बनाइने छ ।

(ङ) कार्यक्रम कार्यन्वयनमा देखा परेका समस्याहरू र चुनौतीहरू समाधानको खोजि गरिनेछ ।

(च) यस कार्यक्रमबाट त्रैमासिक तथा वार्षिक समिक्षाको अतिरिक्त Mission Milestone Workshop समेत संचालन गर्न सकिनेछ ।

## ६.४ वार्षिक योजना तर्जुमा गोष्ठी

प्रत्येक वर्ष कार्यलयबाट गरिने कृयाकलापको छलफल गराउनु पर्दछ । यस योजना तर्जुमा कार्यमा सम्पुण कार्यालयका प्रमुखहरूको अनिवार्य सहभागिता गराउनु पर्दछ । कार्यक्रमको सान्दर्भिकता हेरी अन्य निकाय र विषयसँग सम्वन्धित प्रतिनिधी वा सरोकारवाला व्यक्तिलाई समेत समावेश गर्न सकिने छ । यस गोष्ठीको मुख्य कार्य आगामी वर्षको लागि योजना तयार गरी माथिल्लो निकायमा पेश गर्नुपर्दछ ।

(क) आ-आफ्नो कार्यालयबाट सञ्चालन हुने कार्यक्रमको आगामी वर्षको योजना तयार गर्ने ।

(ख) अन्य निकायसँग सहकार्य गर्न सकिने कार्यक्रमहरूको तर्जुमा गर्ने ।



सदस्य-सचिव

नेपाल सरकार
राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर



## ६.५. चुरे क्षेत्रमा पानी संरक्षण तथा भूमिगत जल पुनर्भरण सम्बन्धी अन्तर्क्रिया

नेपालको तराई क्षेत्रमा दिन प्रति दिन भूमिगत जलको सतह घट्दै गइरहेको हुँदा उक्त क्षेत्रमा सुख्खापन बढेको छ । जसले गर्दा कृषि उत्पादन तथा जनजीवन प्रभावित भएको छ । चुरे तथा भावर क्षेत्र प्राकृतिक रूपमा नै पानीको पुनर्भरण क्षेत्र हो । वर्षातको पानी जमिनभित्र बढी भन्दा बढी पुनर्भरण गराई भुमिगत जलको मात्रा अभिवृद्धि गर्न सघाउका लागि क्रियाकलापहरु छनौट तथा समन्वय गर्नका लागि सम्बन्धित सरोकारवालाहरु बीच अन्तर्क्रिया गरिने छ ।

### ६.५.१ कार्यक्रम सञ्चालन प्रक्रिया:

क) बढी सुख्खाग्रस्त तराई मधेश क्षेत्रको पहिचान गरी कार्यक्रम सञ्चालनका लागि उपयुक्त स्थान छनौट गर्नु पर्नेछ ।

ख) सम्बन्धित प्रदेशका सरोकारवाला निकाय, विषय विज्ञ तथा राजनीतिक व्यक्तित्वहरुको सहभागिता हुने गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

## ६.६. चुरे संरक्षण सम्बन्धी राष्ट्रिय कार्यशाला गोष्ठि

नेपालको चुरे पहाड अत्यन्तै कमलो र संवेदनशील रहेको छ । भू-स्खलन तथा क्षयीकरण, जलाधार क्षेत्रको विनाश, वनको परिमाणात्मक तथा गुणात्मक ह्रास, पहाडी भिरपाखाहरूमा अत्याधिक मानवीय गतिविधि आदि कारणहरूले गर्दा चुरे, भावर, तराई-मधेश क्षेत्रका मानिसहरूको बसोवास, खेतीपाती, जनजीविका र समग्र पारिस्थितिकीय प्रणालीमा पर्न गएको नकारात्मक प्रभाव न्यूनीकरण गर्नु नै राष्ट्रिय चुरे संरक्षण आयोजनाको मुल उद्देश्य रहेको छ । यस कार्यक्रमबाट समितिले हालसम्म सम्पादन गरेका चुरे संरक्षणसम्बन्धी क्रियाकलापहरु तथा अध्ययन अनुसन्धानबाट निस्केका निचोडहरुको प्रचारप्रसार गर्ने र चुरे क्षेत्रमा यस समिति बाहेकका अन्य निकायहरुले संचालन गरेका क्रियाकलाप एवम् अध्ययन अनुसन्धानका उपलब्धीहरु समेतको सम्बन्धित सरोकारवालाहरु बीच प्रस्तुती, छलफल तथा अन्तर्क्रिया गर्ने उद्देश्य रहेको छ । यो क्रियाकलाप अन्य सरकारी निकाय वा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी निकायहरु बीचको समन्वय तथा आर्थिक सहयोगमा पनि सञ्चालन गर्न सकिनेछ ।



नेपाल सरकार
कृषि, वन तथा वातावरण
सिंहदरबार, काठमाडौं
सदस्य-सचिव

नेपाल सरकार
राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर

## परिच्छेद-७

## अन्य कार्यक्रमहरू

### ७.१ चुरे दिवस केन्द्र स्तर/इकाई स्तर

(क) प्रत्येक वर्ष आषाढ २ गतेलाई चुरे संरक्षण दिवसको रूपमा समिति र ५ वटै कार्यक्रम कार्यन्वयन इकाईमा छुट्टाछुटै मनाई चुरे संरक्षणको महत्वलाई सबै तहमा पुर्याउन यो कार्यक्रम सञ्चालन गरिने छ।

(ख) यस कार्यक्रम अन्तर्गत प्रचार प्रसार गोष्ठी, प्रवचन, विद्यालय स्तरीय सचेतना कार्यक्रम, वृक्षारोपण लगायत अन्य प्रचार प्रसार कार्य गरी चुरे संरक्षणमा जनचेतना बढाईने छ।

(ग) यस कार्यक्रमको लागि समितिको सुझाव र सल्लाहमा प्रत्येक कार्यक्रम कार्यन्वयन इकाईले आ-आफ्नो प्रदेशको प्रतिनिधित्व हुनेगरी आवश्यकता अनुसारका कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

### ७.२ चुरे संरक्षण तथा व्यस्थापनसँग सम्बन्धित सोधपत्रको निम्ति सहयोग

चुरे तराई-मधेश संरक्षणमा उपयोगी हुन सक्ने शोधपत्र तथा शैक्षिक अनुसन्धानका लागि यो कार्यक्रम राखिएको छ। यो कार्यक्रम समितिले स्वीकृत गरेको "शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७४" बमोजिम सञ्चालन हुनेछ।

#### ७.२.१ कार्यक्रम सञ्चालन प्रक्रियाः

(क) समितिको स्वीकृत कार्यक्रमको परिधि तथा "शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि,२०७४" बमोजिम सूचना प्रकाशन गर्ने ।

(ख) प्रकाशित सूचना बमोजिम पर्न आएका निवेदन उपर कार्यवाही गर्न शिफारिस समिति गठन गर्ने।

(ग) सिफारिस समितिको गठन समितिको बोर्ड सदस्यको नेतृत्वमा समितिले गर्नेछ।

(घ) सिफारिस समितिले सिफारिस गरेको सोधपत्रकर्ता हरूको नामावली समितिको वेब साइटमा प्रकाशन गर्ने छ।

(ङ) अन्य व्यस्था समितिले स्वीकृत गरेको "शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७४" बमोजिम हुनेछ ।



सदस्य-सचिव

**७.३ वार्षिक प्रगति प्रतिवेदन तयारी तथा प्रकाशन**

कार्यालयहरूले विभिन्न स्वीकृत वार्षिक कार्यक्रमहरू सञ्चालन गरेका छन । यस वाहेक वन सम्बन्धी अन्य कार्यहरू समेत सम्पादन गरिरहेका छन । यी सबै कार्यलाई अभिलेखीकरण गर्न वार्षिक प्रतिवेदन प्रकाशन गरिने छ । तथ्यांक संकलन, विश्लेषण, मसलन्द, छलफल, छपाई लगायतका कार्यमा रकम खर्च गर्न सकिनेछ । प्रकाशन भएको वार्षिक प्रतिवेदनको डिजिटल कपि अनिवार्य रुपमा कार्यालयको वेव पेजमा राख्नु पर्ने छ ।

**७.४ नीति, नियम, कार्यनीति, मार्गदर्शन, निर्देशिका तयारी तथा प्रकाशन**

राष्ट्रपति चुरे-तराई संरक्षण कार्यक्रम कार्यान्वयनका लागि आवश्यक नयाँ तथा मौजुदा नीति, नियम, कार्यनीति, मार्गदर्शन, निर्देशिका तथा कार्यविधिहरू निर्माण, संशोधन तथा परिमार्जन गर्ने कार्यका लागि यो कार्यक्रम राखिएको छ। समितिको आवश्यकता र औचित्य हेरी उपरोक्तानुसारका नीति, नियम, कार्यनीति, मार्गदर्शन, निर्देशिका तथा कार्यविधिहरू तयारी तथा प्रकाशन गरिनेछ ।

**७.४.१ कार्यक्रम सञ्चालन प्रक्रियाः**

(क) निर्माण, संशोधन तथा परिमार्जन गर्नुपर्ने नीति, नियम, कार्यनीति, मार्गदर्शन, निर्देशिका तथा कार्यविधिहरूको सूची तयारी गर्ने ।

(ख) नीति, नियम, कार्यनीति, मार्गदर्शन, निर्देशिका तथा कार्यविधिहरू तयारी, संशोधन तथा परिमार्जनका लागि कार्यदल गठन गर्ने ।

(ग) गठित कार्यदलद्वारा आवश्यकता अनुसार विज्ञहरूसङ्ग राय परामर्श गरी बैठक तथा छलफल कार्यक्रम मार्फत दिइएका नीति, नियम, कार्यनीति, मार्गदर्शन, निर्देशिका तथा कार्यविधिहरूको मस्यौदा तयारी गर्ने ।

(घ) कार्यदलद्वारा प्रस्ताव गरिएका नीति, नियम, कार्यनीति, मार्गदर्शन, निर्देशिका तथा कार्यविधिहरू समितिको बैंठकमा पेश गरी पारित गराउने ।

(ङ) समितिबाट स्वीकृत नीति, नियम, कार्यनीति, मार्गदर्शन, निर्देशिका तथा कार्यविधिहरू प्रकाशन गर्ने।



सदस्य-सचिव

नेपाल सरकार
राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर



## ७.५ चुरे संरक्षणसम्बन्धी (IEE, EIA, नदिजन्य पदार्थ उत्खनन् संकलन मापदण्ड आदि) सरोकारवाला बीच अभिमुखीकरण

### ७.५.१ परिचयः

चुरे संरक्षण क्षेत्र नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म देशको सातै प्रदेश अन्तरगत ३७ जिल्ला र १३९ स्थानिय तहमा फैलिएर रहेको छ । चुरे संरक्षण कार्य भन्नाले यस क्षेत्रमा रहेका प्रकृतिक सम्पदाको संरक्षण जैविक विविधताको संरक्षण गर्दै यस भेगमा रहेका पारिस्थितिकिय प्रणालीको संरक्षण हो । तसर्थ चुरे संरक्षण कार्य कुनै एक विषयगत कार्यालय, कार्यक्रम र क्षेत्रको आवद्धताले मात्र सम्भव नभई बहुसरोकारको विषय भएको हुँदा नेपाल सरकारले जारी गरेका विभिन्न मापदण्ड तथा कार्यविधि एवं त्यसैको आधारमा यस समितिबाट जारी विभिन्न कार्यविधिहरुको सफल कार्यान्वयन नै चुरे संरक्षणका आधारशिला हो ।

### ७.५.२ उद्देश्यः

चुरे संरक्षणका लागि नेपाल सरकारद्वारा जारी ऐन, नियम, मापदण्ड एवं यस समितिबाट जारी कार्यविधि तथा मापदण्डहरु (BES, IEE, EIA, नदिजन्य पदार्थ उत्खनन् संकलन मापदण्ड आदि) सम्वन्धमा सरोकारवालालाई जानकारी गराई संरक्षण कार्य प्रभावकारी बनाउने ।

### ७.५.३ लक्षित समूहः

ऐन, नियम, मापदण्ड तथा कार्यविधि कार्यान्वयनसँग सम्वन्धीत प्रदेश तथा स्थानीय स्तरका जनप्रतिनिधि, कार्यालय तथा अन्य संघ संस्थाहरु, जिल्ला समितिका अनुगमन प्रमुख तथा पदाधिकारीहरु, स्थानिय उपभोक्ताहरु चुरेक्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने निकायहरु, सामुदायिक समुहहरु, चुरे संरक्षण कार्यक्रम कार्यान्वयनका लागि कार्यान्वयन निकाय तथा स्थानीय तहबाट गठित उपभोक्ता समुहहरु यस कार्यक्रमका लक्षित समूह हुनेछन । समिति र कार्यक्रम कार्यान्वयन इकाई बीचको समन्वयमा लक्षित समूह तय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

## ७.६ वातावरणीय अध्ययनको लागि प्रस्तावित क्षेत्र/आयोजनाको अनुगमन

### ७.६.१ परिचयः

वातावरण र विकासका सिद्धान्तहरुलाई एक आपसमा मैत्रीपूर्ण बनाउन चुरे क्षेत्रमा हुने विकास निर्माणका कार्यहरुलाई व्यवस्थित र दिगो बनाउन, आयोजनाहरु तर्जुमा तथा कार्यान्वयन गर्दा वातावरणीय अध्ययन कार्यलाई



सदस्य-सचिव

नेपाल सरकार
कृषि, वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर



बिशेष ध्यान दिइएको छ । यी कार्यहरुमा चुरे क्षेत्रभरी एकरुपता कायम गरी सरल रुपमा आयोजना तर्जुमा र कार्यान्वयन गर्दा, उद्योग स्थापना गर्दा उत्पन्न हुने वातावरण सम्बन्धी दुबिधा तथा समस्या पहिचान गरी निराकरणमा सहयोग पुर्याउन र बिकास निर्माणको कार्य सञ्चालन गर्दा वातावरण मैत्री प्रबिधि अपनाउन वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७, ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ र यी कानून र मापदण्डले व्यवस्था गरेको प्रावधानलाई समेत सम्बोधन हुने गरी राष्ट्रपति चुरे–तराई मधेश संरक्षण बिकास समितिले "चुरे क्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्ड २०७७" बनाई लागू गरेकोछ । सोही कार्यविधि तथा मापदण्ड सँग सम्वन्धित बिषयबस्तुहरु यस कार्यक्रमका क्षेत्रहरु हुनेछन् ।

**७.६.२ कार्यक्रमको उदेश्य:**

चुरे संरक्षण क्षेत्रमा विकास निर्माण, भौतिक पूर्वाधार विकासका कार्यक्रमहरु, उद्योग स्थापना र सञ्चालन, नदिजन्य पदार्थको व्यवस्थापन आदि गर्ने विभिन्न सरकारी, गैर सरकारी संघ संस्थाहरु, निर्माण व्यवसायी, प्रदेश तथा स्थानीय स्तरका संघ संस्थाहरुले यस कार्यविधि तथा मापदण्डलाई अनिवार्य रुपमा पालना गर्नु गराउनु पर्नेछ । सो पालनामा सहजता प्रदान गरी, अनुगमन, निरीक्षण गर्न यो कार्यक्रम राखिएको हो ।

**७.६.३ कार्य सञ्चालन प्रक्रिया:**

(क) यस कार्यक्रम सञ्चालनका लागि "चुरे क्षेत्रमा विकास निर्माण गर्दा अवलम्वन गर्नुपर्ने कार्यविधि तथा मापदण्ड, २०७७" अनुरुप गरिनेछ ।

(ख) सम्बन्धित निकायहरुबाट प्रस्तावित आयोजनाको वातावरणीय अध्ययन, नदीजन्य पदार्थको व्यवस्थापन सम्बन्धमा स्थलगत निरीक्षण, अध्ययन, अनुगमन जस्ता कार्यहरु गरिनेछ ।

(ग) स्थलगत निरीक्षण, अध्ययन, अनुगमन गर्न प्रस्ताव तयार गरी स्वीकृत गरिनेछ।

(घ) स्थलगत निरीक्षण, अध्ययन, अनुगमन गरी प्राप्त प्रतिवेदन अनुसार आवश्यक पृष्ठपोषण दिइनेछ।

**७.६.४ जनशक्ति ब्यवस्थापन:**

माथिका अनुगमन कार्यक्रम संचालनार्थ समितिको आयोजना, डिजाईन तथा कार्यान्वयन शाखा जिम्मेवार रहने छ । आवश्यक्ता अनुसार विज्ञताको आधारमा अन्य शाखा/कर्मचारीको समेत सहयोग लिई आयोजना, डिजाईन तथा कार्यान्वयन शाखाले कार्यक्रम सञ्चालन गर्नेछ ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं
सदस्य-सचिव

नेपाल सरकार राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति खुमलटार, ललितपुर

## परिच्छेद-८

## विविध

८.१ प्रचलित कानूनको व्यवस्था लागू हुनेः यस कार्यविधिमा उल्लेख भएका कुनै प्रावधान प्रचलित ऐन, नियम तथा निर्देशिकाहरुसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित ऐन, नियम तथा निर्देशिकाहरुमा उल्लेख भएको प्रावधान नै मान्य हुनेछ ।

८.२ कार्यविधिको ब्याख्या गरी बाधा अड्काउ फुकाउः यस कार्यबिधिको कार्यन्वयनमा कुनै द्विविधा परेमा मन्त्रालयले कार्यविधिमा रहेको कुनै प्रावधानको ब्याख्या गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सदस्य-सचिव

## अनुसूची १

### कार्यक्रम कार्यान्वयन सम्झौता

यस राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति कार्यक्रम कार्यान्वयन इकाई, ... को चालु आ.व. ........ को स्वीकृत वार्षिक कार्यक्रम अनुसारको ........ कार्यक्रम (खर्च शीर्षक नं. .. क्रियाकलाप नं. ...... ) ..... जिल्लाको ...नगर/गाउँपालिका वडा नं. ..... स्थित .... स्थानमा कार्य सञ्चालन गरी सम्पन्न गर्न र स्याहार सम्भार समेत गर्नका लागि प्रचलित ऐन नियमको परिधिभित्र रही नेपाल सरकार, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, कार्यक्रम कार्यान्वयन इकाई, .... (यसपछि प्रथम पक्ष भनिएको) र श्री ....... (यसपछि दोस्रो पक्ष भनिएको) बीच तल उल्लेखित विवरण र शर्तहरु मान्य हुने गरी यो सम्झौता सम्पन्न भयो ।

१. कार्यक्रमको नाम, परिमाणः

२. कार्यक्रम सञ्चालन गर्ने समिति गठन मितिः

३. कार्यक्रम लागु हुने क्षेत्रः

(क) गाउँ/नगर पालिकाः

(ख) वडा नं.

(ग) क्षेत्र/गाउं/टोलः

४. कार्यक्रमबाट लाभान्वित

(क) गाउँ/नगरपालिकाः

(ख) वडा नं.

(ग) क्षेत्र / गाउँ / टोलः

(घ) घरधुरी संख्याः ...... घर (जनजाति ... दलित .... मधेसी .... अन्य ...)

५. काम शुरु गर्ने मितिः काम सम्पन्न गर्नु पर्ने मितिः

६. कार्यक्रमको लागि अनुमानित खर्च (कन्टिन्जेन्सी बाहेक )

(क) कार्यालयको तर्फबाट व्यहोर्नेः

(ख) जनसहभागिताबाट व्यहोर्नेः



सदस्य-सचिव

(ग) अन्य निकायले व्यहोर्नेः

(घ) कुल जम्माः

७. कामको परिमाण, आवश्यक सामाग्री, ज्यामीको विवरण र खर्च व्यहोर्ने श्रोत स्वीकृत लागत इस्टिमेटमा उल्लेख गरे अनुसार हुनेछ ।

८. कामको गुणस्तर र डिजाइन संलग्न स्वीकृत लगत इस्टिमेट, नक्सा र स्पेसिफिकेशनमा उल्लेख गरे बमोजिम हुनुपर्ने छ।

९. निर्माण कार्य शुरु गर्ने वखत निर्माण सामग्री अग्रिम रुपमा उपलव्ध हुनु पर्ने छ । निर्माण सामग्री दोश्रो पक्षले खरिद गरी कार्यालयमा बिल पेश गर्नु पर्नेछ । दोश्रो पक्षको निवेदन, र स्थानीय पालिका तथा प्रथम पक्षको प्राविधिकको निरीक्षण प्रतिवेदनको आधारमा सम्पन्न निर्माण कार्यको रकम भुक्तानी गरिनेछ । कार्यालयले व्यहोर्ने रकमको हकमा प्राविधिक प्रतिवेदन बमोजिम सम्पन्न प्रगतिको आधारमा किस्ता किस्ता गरेर रकम उपलब्ध गराइने छ ।

१०. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (५) बमोजिम सम्झौता भएको कार्यालयले व्यहोर्ने रकमको एकतिहाइसम्म अग्रिम पेश्की दोस्रो पक्षलाई उपलब्ध गराउन सकिने छ । तर त्यसका लागि दोस्रो पक्षको निवेदन र यस इकाइको प्राविधिक तथा योजना शाखाको राय सिफारिस आवश्यक हुने छ।

११. प्रयोग गर्ने निर्माण सामग्रीहरु नेपाल गुणस्तर चिन्ह प्राप्त र लागत अनुमानको स्पेसिफकेसन बमोजिमको हुनु पर्ने छ । बाह्य निर्माण सामग्रीहरु (जस्तैः जि.आइ. बक्स, तार आदि) को खरिद विलसँगै बिल विजक नं. उल्लेख भएको ल्याब परीक्षणको प्रमाण पत्र दोश्रो पक्षले अनिवार्य संलग्न राखु पर्ने छ । अन्यथा पहिलो पक्ष भुक्तानी दिन बाध्य हुने छैन ।

१२. काम सम्पन्न भई सकेपछि सरोकारवालाहरुको सहभागितामा सार्वजनिक सुनुवाई गराई प्रतिवेदन पेश भए पश्चात मात्र अन्तिम किस्ताको रकम भुक्तानी दिइनेछ। सकेसम्म प्रथम पक्षको कर्मचारीको रोहवरमा सार्वजनिक सुनुवाई गराई प्रतिवेदन पेश गरेपछि नेपाल सरकारको प्रचलित नियम कानून बमोजिम लाग्ने कर कट्टी गरी मात्र अन्तिम किस्ता वापतको रकम दोस्रो पक्षलाई भुक्तानी गरिनेछ ।

१३. निर्माण कार्यको लागि आवश्यक पर्ने निर्माण औजार र ज्यावलहरु दोश्रो पक्षले स्थानीय रुपमा व्यवस्था गरी काम सम्पन्न गर्नु पर्नेछ । सम्झौताको समयावधि भित्र दोस्रो पक्षले काम सम्पन्न गर्नु पर्नेछ।

१४. योजना सम्पन्न भएपश्चात यो योजना लाई स्वतः हस्तान्तरण भएको मानिनेछ । स्थानीय साधन जुटाउने, व्यवस्थित ढंगले काम सम्पन्न गर्ने, योजनाको स्याहार संभार र मर्मत समेत गरी प्राप्त लाभ विवादरहित ढंगले बाँडफाड गर्ने दायित्व सोही समितिको हुनेछ ।

१५. कार्यक्रमको लागि खरिद गरिएको निर्माण सामाग्री अन्यत्र प्रयोग गर्न पाइने छैन । कथंकदाचित त्यस्तो पर्ने भएको पाइएमा त्यसरी प्रयोग भएको सामाग्रीको मूल्य बराबरको रकम दोश्रो पक्षले भुक्तानी पाउनु रकमबाट कार्यालयले कट्टा गर्न सक्नेछ । दुरुपयोग भएको निर्माण सामग्रीको मूल्य उपभोक्ता समूहले पाउनु पर्ने रकम भन्दा बढी भई असुल हुन नसक्ने स्थितीमा कार्यालयले प्रचलित ऐन कानून बमोजिम असुल गर्नेछ।

१६. सम्बन्धित प्राविधिकको सहमति विना दोश्रो पक्षले डिजाईन फेर्न पाउने छैन । उपभोक्ता समितिले आफु खुसि डिजाईन फेरी काम गरेमा त्यसको भुक्तानी गर्न कार्यालय बाध्य हुने छैन।

१७. योजना सम्झौता भइ कार्यदिश पाएको मितिबाट ७ (सात) दिन भित्र काम शुरु गर्नु पर्नेछ । काम शुरु नगरेको खण्डमा कार्यालयको तजबिज अनुसार कार्यक्रम स्थगित गर्न सकिनेछ । त्यस्तो स्थानमा पुनः कार्यक्रम सचांलन गर्न कार्यालय बाध्य हुने छैन।

१८. दोश्रो पक्षले गर्नु पर्ने काम कुनै ठेकेदारबाट गराउन पाइने छैन । त्यस्तो गरेको खण्डमा कार्यालयले सम्झौता रद्द गर्न सक्नेछ ।

१९. काम गर्ने कामदार सम्बन्धित उपभोक्ता समुह भित्रको हुनु पर्नेछ तर प्रत्यक्ष लाभान्वित हुने समुदायभित्र सम्बन्धित काम गर्न सक्ने श्रमिक (दक्ष र अदक्ष) प्राप्त हुन नसकेमा अन्य समूह वा व्यक्ति विशेषलाई काममा लगाउन सकिनेछ, त्यसको जानकरी प्रथम पक्षलाई समयमै गराउनु पर्नेछ ।

२०. सार्वजनिक खरिद नियमावली, २०६४ को बाह्रौं संशोधन, २०७९ ले नियम ११२ को उपनियम ३(क) मा व्यवस्था गरे बमोजिम दोश्रो पक्षले यस सम्झौता अनुसार हुने निर्माण कार्य तथा संरचनाको बीमा गरउनु पर्नेछ । दोश्रो पक्षले रनिङ बिल पेश गर्दा या अन्तिम भुक्तानी माग गर्दा बीमा गरेको कागज-पत्र अनिवार्य पेश गर्नु पर्नेछ । अन्यथा प्रथम पक्ष भुक्तानी दिन बाध्य हुने छैन ।



सदस्य-सचिव

२१. सम्झौता बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्दा प्रचलित ऐन, नियम, कानून र कार्यविधिहरुले तोकेका व्यवस्था तथा प्रकृयाहरु अवलम्वन गर्नु पर्ने छ ।

२२. कार्यक्रम सञ्चालनको क्रममा दुवै पक्ष वीच विवाद वा अन्योलता सिर्जना भएमा दुवै पक्षको आपसी समझदारीमा छलफल गरी टुंगो लगाईने छ र टुंगो लाग्न नसके प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

**उपभोक्ता समितिको तर्फबाट (अध्यक्ष वा निजले तोकेको व्यक्ति)**

नाम :-

पद :-

दस्तखत:-

मिति :-

सम्पर्क नं :-

समितिको छाप :

**साक्षीहरु**

१. नाम :-

पद :-

दस्तखत:-

मिति :-

२. नाम :-

पद :-

दस्तखत:-

मिति :-

**कार्यालयको तर्फबाट (प्रमुख वा निजले तोकेको व्यक्ति)**

नाम :-.

पद :-

दस्तखत:-

मिति :-

कार्यालयको छाप :

**योजना फाँट**

नाम :-

पद :-

दस्तखत:-

मिति :-

**साईट इन्चार्ज**

नाम :-

पद :-

सम्पर्क नं.

दस्तखत:- मिति:

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति, नेपाल सरकार, खुमलटार, ललितपुर
नेपाल सरकार, कृषि, वन तथा पर्यावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं
सदस्य-सचिव

नेपाल सरकार
राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर

## अनुसूची - २

### होर्डिंग बोर्डको नमुना

**क. उपभोक्ता समिति मार्फत कार्य सञ्चालन हुने हकमा**

नेपाल सरकार

राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समिति

कार्यक्रम कार्यन्वयन इकाई

...............................

१. कार्यक्रम :

२. आ.व. :

३. स्थान :

४. उपभोक्ता समितिको नाम :

५. सम्झौता मिति :

६. कार्य सम्पन्न गर्नु पर्ने मिति :

७. अनुमानित लागत विवरण

क) कार्यालयले व्यहोंने :

ख) उपभोक्ता समुहले व्यहोंने :

ग) अन्यले व्यहोंने :

कुल अनुमानित लागत :

८. सम्पन्न हुने मुख्य संरचना तथा कार्यक्रमहरू

...........................

...........................

*"चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई"*

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं



सदस्य-सचिव

नेपाल सरकार
राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर



**ख. ठेक्का पट्टा मार्फत कार्य सञ्चालन हुने हकमा**

नेपाल सरकार

राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समिति

कार्यक्रम कार्यन्वयन इकाई

........................

१. कार्यक्रम :

२. आ.व. :

३. स्थान :

४. ठेक्का पट्टा नं र निर्माण कम्पनीको नाम.:

५. निर्माण व्यवसायीको नाम :

६. सम्झौता मिति :

७. कार्य सम्पन्न गर्नु पर्ने मिति :

८. कबोल अंक :

९. गरिने मुख्य कार्यहरू

...........................

...........................

*"चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई"*

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं



सदस्य-सचिव

## अनुसूची -३

## उपभोक्ता समिति गठन तथा सञ्चालन सम्बन्धी व्यवस्था

योजना निर्माण सम्पन्न गर्न गठन गरिने उपभोक्ता समिति तथा उपसमितिहरू देहाय बमोजिम हुनुपर्नेछ।

उपभोक्ता समिति - यस समितिमा कम्तीमा ७ देखि बढीमा ९ सदस्य रहने एक सहभागिमुलक समावेशी उपभोक्ता समिति गठन गरिने छ जस्मा कम्तीमा ३३ % महिलाको प्रतिनिधित्व हुनु पर्नेछ ।

अध्यक्ष :-

उपाध्यक्षः-

सचिब :-

कोषाध्यक्षः-

सदस्य :- ३ देखि ५ जना

(७ सदस्यीय समिति भए ३ जना र ९ सदस्यीय समिति भए ५ जना सदस्य रहने छन् मुख्य पदमा कम्तीमा एक जना महिला हुने गरी समिति गठन गर्नु पर्नेछ) ।

**उपभोक्ता समितिको जिम्मेवारी**

योजना कार्यान्वयनको लागि गठन गरिएको उपभोक्ता समितिको काम, कर्तब्य र भूमिका महत्वपूर्ण हुन्छ । त्यसैले उपभोक्ता समितिले कार्यान्वयन निकाय र उपभोक्ता समिति वीचमा भएको सहकार्य पत्रमा उल्लेखित शर्त र सीमाका अधिनमा रही कार्य गर्नु पर्नेछ । उपभोक्ता समितिको जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

(क) योजना निर्माणका लागि उपभोक्ता समिति मातहतमा गठन गरिएका उप-समितिहरू बीचमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(ख) योजनाको डिजाईन, ईस्टिमेट र प्राविधिकले दिएको निर्देशनको आधारमा तयार गरिएको कार्य योजना अनुसार निर्माण कार्य समयावधि भित्रै सम्पन्न गरिसक्ने ।

(ग) सम्बन्धित वडाका कर्मचारी सहितको उपस्थितमा मूल समिति र उप समितिको संयुक्त मासिक बैठक बसी प्रगति समीक्षा र आगामी कार्य योजना बारेमा छलफल गर्नुका साथै सो बैठकमा प्राप्त भएका गुनासाहरूको सम्बोधन गर्ने। बैठकको निर्णय सर्वसाधारणको जानकारीका लागि वडा कार्यलयको सूचना पाटीमा टाँस गरी सार्वजनिक गर्नु पर्नेछ ।



सदस्य-सचिव

(घ) योजनाको निर्माण काम शुरु गर्नु भन्दा पहिला उपभोक्ता समितिले योजनाको अनुमानित लागत विवरण पेटिका राख्नु पर्नेछ सहितको बोर्ड योजना स्थलमा टाँस गर्नु पर्नेछ र सबैको पहुँच हुने गरी गुनासो/सुझाब र उक्त सुझाव पेटिका मासिक बैठकको दिन सबैको उपस्थितिमा खोल्नु पर्नेछ ।

(ङ) योजना निर्माणको कामको बारेमा नागरिकहरूको कुनै प्रकारको गुनासो आएमा यसै बैठक मार्फत गुनासोहरूको सम्बोधन गरिने छ ।

(च) मूलसमितिले कुनै पनि निर्णय गर्दा कामको बाँडफाँडको लागि निर्माण गरिएका उपसमितिहरूको बैठकबाट सिफारिस गरिएका कुराहरू आधारमा निर्णय गर्नुपर्नेछ।

(छ) कुनै पनि सामग्री खरिद गर्दा कामदारको छनौट र दर रेट निर्धारण गर्दा सामाग्री ढुवानीको दर रेट निर्धारण गर्दा खरिद उपसमिति बाट सिफारिस भइ आए बमोजिमको कुरालाई निर्माण समितिको बैठक बसी अन्तिम निर्णय गर्नुपर्ने छ ।

(ज) योजना सम्बन्धी सम्पूर्ण खाता, बिल, भपाई र अन्य सामग्रीको चुस्त दुरुस्तकासाथ दैनिक अभिलेख राख्ने र सम्बन्धित कसैले हेर्न चाहेमा सम्पूर्ण कुराहरू देखाउनु पर्नेछ।

(झ) योजनामा आवश्यक बाह्य र स्थानीय निर्माण सामाग्रीको उपयुक्त तरिकाले उचित भण्डारण तथा व्यवस्थापन गर्ने र उक्त कुराको दैनिक रेकर्ड राख्नु पर्नेछ ।

(ञ) योजनाको पारदर्शिताको लागि योजनामा अबलम्बन गरिएका सम्पूर्ण बिधिको प्रयोग गर्ने र योजनाको रकम संस्थाबाट निकासा भई कामदारले प्राप्त गरि सकेको अबस्थामा योजनाको सार्बजनिक लेखा परीक्षण गराई खर्चको बिवरण सार्बजनिक स्थलमा टाँस गर्नु पर्नेछ ।

(ट) योजनामा छुट्टाएको रकम सोही शीर्षकमा मात्र खर्च गर्नु पर्दछ र उपभोक्ता समितिका सदस्यहरूले उक्त रकम आफ्नो व्यक्तिगत प्रयोजनमा खर्च गर्न पाउने छैन । यदि व्यक्तिगत रूपमा खर्च गरेमा खर्च असुल उपर गर्नु पर्नेछ।

(ठ) जालसाझी र ठगी जस्ता कार्यहरूमा शुन्य सहनशीलताको नीति अपनाउनु पर्नेछ ।

(ड) योजना निर्माणको काम गर्दा स्थानीय प्राकृतिक वातावरणमा हानी नोक्सानी नपुग्ने गरी वातावरण मैत्री क्रियाकलापहरू अवलम्बन गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।



सदस्य-सचिव

(ढ) मुल उपभोक्ता समितिको मातहतमा रहने गरी खरिद, अनुगमन, जन परिचालन लगायतका उप-समितिहरू गठन गर्न सकिनेछ ।

(ण) उपसमितिहरू निर्माण गर्दा उपभोक्ता समितिबाट एक जनालाई उपसमितिको अध्यक्ष चयन गरी कम्तिमा ३ जनाको उपसमिति गठन गर्नु पर्ने छ। उपभोक्ता समितिले उपसमितिमा तीनजना मध्ये एकजना महिला सदस्य अनिबार्य छनौट गर्नुपर्ने छ तर अनुगमन उपसमितिका सम्पूर्ण सदस्यहरू उपभोक्ता समिति भन्दा बाहिरका हुनु पर्नेछ।



सदस्य-सचिव

## अनुसूची - ४

### सार्वजनिक सुनुवाई फारम

### (सार्वजनिक सुनुवाईको प्रतिबेदन)

आज मिति........................ गते .................. बारका दिन श्री ........................ उपभोक्ता समिति/समूहका अध्यक्ष .................................. को अध्यक्षतामा ............ जिल्ला ............. पालिका, वडा नं. ...................... अन्तर्गत तपसिल बमोजिमको उपस्थितिमा बैठक बसी ............ जिल्ला ............. पालिका, वडा नं. ...... को ........ नदीप्रणालीमा पर्ने ........ मा राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति, कार्यक्रम कार्यान्वयन इकाई, ........................... र श्री ..................... उपभोक्ता समिति/समूहको सम्पन्न कार्यक्रमको सार्वजनिक सुनुवाईका लागि तपसिल अनुसारको निर्णयहरू गरियो ।

**उपस्थिति**

अध्यक्ष श्री ............................

अतिथि श्री ............................

उपाध्यक्ष श्री ............................

सचिव श्री ............................

कोषाध्यक्ष श्री ............................

सदस्य श्री ............................

सदस्य श्री ............................

सदस्य श्री ............................

**अन्य आमन्त्रित उपभोक्ता/व्यक्तिहरू**

श्री ............................

श्री ............................

श्री ............................

श्री ............................

**प्रस्तावहरु:**



राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति नेपाल सरकार खुमलटार, ललितपुर

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सदस्य-सचिव

१. कार्यक्रम सम्पन्न सम्बन्धमा।

२. सार्वजनिक लेखा परिक्षण सम्बन्धमा ।

३. भुक्तानी सम्बन्धमा ।

४. जिम्मेवारी तोकिने संबन्धमा ।

**निर्णयहरु:**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा ................. उपभोक्ता समिति/समूह र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, कार्यक्रम कार्यान्वयन इकाई, ............... बिच .................. कार्यक्रमको कार्य सम्झौता अनुसार ................... पालिका, वडा नं. ........... , ............ कार्यसम्पन्न भएको सर्व सहमतीबाट निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, कार्यक्रम कार्यान्वयन इकाई, ........ सँग कार्यक्रमको कार्य सम्झौता अनुसार उक्त कार्य सम्पन्न गर्न तपसिल अनुसारको खर्च (जनसहभागिता सहित) सार्वजानिक लेखा परिक्षण भएको सर्व सहमतिबाट निर्णय गरियो।

**तपसिल**

| क सं | कार्य विवरण | इकाई/परिमाण | खर्च | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | रा.चु.त.म.स.बि.स.ले व्यहोरेको | उ.स.ले जनश्रम दान गरेको | अन्यले ब्योहोरेको | जम्मा खर्च रु. (जनसहभागिता सहित) | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | जम्मा रु. | | | | | |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, कार्यक्रम कार्यान्वयन इकाई, ............. सँग कार्य सम्झौता भए अनुसारको सम्पूर्ण कार्य सम्पन्न भई सार्वजनिक लेखापरिक्षण भए अनुसारको भुक्तानी हुनुपर्ने रकम रु. ............. अक्षरुपि रु. ................... भुक्तानीका लागि राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति, कार्यक्रम कार्यान्वयन इकाई, .............. पहल गर्न सर्वसहमतिबाट निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, कार्यक्रम कार्यान्वयन इकाई, ................ बाट प्राप्त हुने रकमको लागि आर्थिक कारोबार गर्न सम्पूर्ण अधिकार उपभोक्ता समूह/समितिका अध्यक्ष श्री ........................ र ................. लाई तोकिएको सर्वसहमतीबाट निर्णय गरियो ।

(नोटः यस नमुना फरमेटमा कार्यक्रम कार्यान्वयन इकाईले मुख्य बिषयलाई समेटी आवश्यकता अनुसार थपघट गर्न सक्नेछ।)



सदस्य-सचिव

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
नेपाल सरकार
कुमलटार, ललितपुर

## अनुसूची - ५
## मासिक प्रगति विवरण फाराम

नेपाल सरकार

राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समिति

कार्यक्रम कार्यन्वयन इकाई

.........................................

पहिलो प्राथमिकता प्राप्त आयोजनाको मासिक प्रगति विवरण

कार्यक्रमको नाम : राष्ट्रिय चुरे संरक्षण आयोजना

आ.व.:............. महिना........................ मिति......................................

| सि.न. | कार्यक्रमको नाम | इकाई | वार्षिक लक्ष्य | यो महिनाको प्रगति | यस महिना मा भएका क्रियाकलापहरू | हाल सम्मको प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

तयार गर्ने चेक गर्ने प्रमाणित गर्ने

नेपाल सरकार
कृषि, वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सदस्य-सचिव

नेपाल सरकार
राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर

## अनुसूची - ६

### पार्श्वचित्र (Activity Profile)

**क्रियाकलापको नामः**

<table>
<tr><td>१</td><td colspan="2">स्थानः जिल्लाः</td><td colspan="2">स्थानीय तहः</td><td>वडा नः</td><td>टोलः</td></tr>
<tr><td>२</td><td colspan="4">नदि प्रणालीः</td><td colspan="2">नजिकैको खोलाः</td></tr>
<tr><td>३</td><td>जिपिएस</td><td colspan="2">अक्षांसः</td><td colspan="2">देशान्तरः</td><td>उचाईः</td></tr>
<tr><td rowspan="3">४</td><td>बजेट</td><td>कार्यालय रु.</td><td>उ. स. रु.</td><td colspan="2">जम्मा रु</td><td>रोजगारी सृजना (श्रमदिन)</td></tr>
<tr><td>लागत अनुमानः</td><td></td><td></td><td colspan="2"></td><td rowspan="2"></td></tr>
<tr><td>खर्चः</td><td></td><td></td><td colspan="2"></td></tr>
<tr><td>५</td><td colspan="6">उद्देश्यः</td></tr>
<tr><td>६</td><td colspan="6">प्रविधि प्रयोग, कार्यान्वयन तरिकाः</td></tr>
<tr><td>७</td><td colspan="6">लैंगिक, सामाजिक सवालः</td></tr>
<tr><td>८</td><td colspan="6">उपलब्धीहरुः</td></tr>
<tr><td>९</td><td>लाभान्वित घर धुरीः</td><td>जम्माः</td><td>दलितः</td><td colspan="2">जनजातिः</td><td>अन्यः</td></tr>
<tr><td>१०</td><td colspan="6">आइपरेका समस्याः</td></tr>
<tr><td>११</td><td colspan="6">मर्मत संभार तथा दिगोपनाः</td></tr>
<tr><td>१२</td><td colspan="6">सिकाईः</td></tr>
<tr><td>१३</td><td>उ.स.को नामः</td><td colspan="5"></td></tr>
<tr><td>१४</td><td>अध्यक्षको नामः</td><td colspan="2"></td><td colspan="3">सम्पर्क नं</td></tr>
<tr><td>१५</td><td>साइट इन्चार्जः</td><td colspan="2"></td><td colspan="3">सम्पर्क नं</td></tr>
<tr><td>१६</td><td>इकाई प्रमुखः</td><td colspan="2"></td><td colspan="3">सम्पर्क नं</td></tr>
<tr><td>१७</td><td colspan="6">तस्विरः कार्य शुरु अघि, कार्यान्वयन चरणको र कार्य सम्पन्न पश्चातको</td></tr>
</table>

*पुनश्चः टेन्डर प्रक्रियाबाट सम्पन्न भएका क्रियाकलापहरुको हकमा बुदा नं १३ मा निर्माण कम्पनीको नाम र बुदा नं १४ मा निर्माण व्यवसायीको नाम लेख्नु पर्नेछ ।*



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं
सदस्य-सचिव